# अध्याय एक

# अध्ययनको परिचय

## १.१ पृष्ठभूमि

समाजको विविध पक्षको अध्ययन गर्ने शास्त्र नै समाजशास्त्र हो । यसले विभिन्न तह, स्वरूप, आयामहरू सामाजिक सम्बन्ध आदिको अध्ययन व्याख्या, विश्लेषण गर्ने गर्छ । सामाजिक व्यवस्था निर्माणका लागि मानिसको विगतदेखि वर्तमान विभिन्न मूल्य मान्यता परम्परा रीतिरीवाज, शिक्षा, धर्म, कानुन, संस्कृति, राजनीतिक, पारिवारिक, नातेदारी मानवसँग सम्बन्धित सम्पूर्ण सामाजिक वा सांस्कृतिक व्यवस्थालाई टिकाउनका लागि समाजशास्त्रले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपाल एक विकासोन्मुख विविध भाषा, धर्म, संस्कृति जाताजाति र हावापानी भएको विश्वको एक सानो भू-परिवेष्ठित देश हो । विविध भाषा, धर्म, सांस्कृतिक र भू-बनावटीय र विविधता हावापानी भएजस्तै यहाँको सामाजिक सद्भावका दृष्टिले अनेकतामा एकतामूलक पाइन्छ । एकतामूलक रहेर बसेता पनि विभिन्न समाजका आ-आफ्नै छुट्टै रीतिरिवाज धर्म संस्कार छन् । सामाजिक, धार्मिक, आर्थिक, शैक्षिक दृष्टिकोणले एकरूपता भने पाइँदैन ।

यही विविध भाषा, धर्म, सांस्कृतिक भू-बनावटीय संरचनाले गर्दा नेपालमा धेरै बालबालिकाले आफूले पाउनु पर्ने आधारभूत आवश्यकताबाट बञ्चित हुनु परेको छ । बालबालिका सम्बन्धी विभिन्न नीति निर्माण भएता पनि तर त्यसको राम्रोसँग कार्यान्वयन हुन नसक्नाले कयौँ बालबालिका अझै पनि अनाथ, आवश्यकता विहिन हुन बाध्य भएका छन् । बालबालिका सबैको सरोकार हो भने पनि बालबालिकाको विषयलाई लिएर सबै व्यक्ति, सरोकारवालाहरूको ध्यान कम भइरहेको छ । बालअधिकार बारेमा सबै व्यक्ति आ-आफ्नो ठाउँबाट सुसुचित हुन सकेमा मात्र यसको संरक्षण र प्रवर्द्धनका निम्ति क्रियाशील हुन सघाउ पुग्दछ । देशको विद्यमान परिस्थितिमा त यसको महत्त्व अझ बढेको छ । जस्तोसुकै अवस्थामा पनि बालबालिकाको आधारभूत अधिकारहरूबाट बालबालिकाहरू अधिकार विहिन हुनु हुँदैन (बाल न्याय समिति, २०७१) ।

बाल सहभागिता, बालअधिकारका बारेमा व्यवस्थित ढंगबाट यसको चियोचर्चो हुन थालेको धेरै भएको छैन । बालसहभागिता, बालअधिकारका बारेमा समुदायदेखि नीति निर्माणको

तहसम्म सचेतना बढाउने बालबालिकाको विषयलाई उठाउने उनीहरूको कुरा सुन्ने जस्ता क्रियाकलाप पहिलेको तुलनामा धेरै नै बढेको छ । नेपालको जनसंख्याको झण्डै आधा हिस्सा ओगटेका बालकालिकाको अधिकारको संरक्षण र प्रवर्द्धन निकायहरू सबै नै बालबालिकाको विषयलाई लिएर सचेत र क्रियाशील हुन आवश्यक छ ।

बालबालिका भन्नाले १८ वर्ष मुनिका व्यक्तिलाई लिइन्छ । त्यस्तैगरी बालबालिकाको अधिकार सम्बन्धी सरोकार नामक संस्थाले दिएको परिभाषा अनुसार अठार वर्ष भन्दा मुनिका मानवीय व्यवहार देखाउने बालबालिकाको समूह जो शारीरिक, मानसिक एवम् मनोवैज्ञानिक दृष्टिकोणबाट स्वतन्त्र भएका र संरक्षित भएका बालबालिकालाई जनाउँछ (बाल अधिकार तथा शिक्षा शान्ति माला, २०७४) ।

बालबालिका सम्बन्धी ऐन २०७५ का अनुसार "अनाथ बालबालिका" भन्नाले प्रचलित कानुन बमोजिमका अनाथ बालबालिका सम्झनुपर्छ भनेर भनेको छ भने बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनुपर्छ भनेर परिभाषित गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०४८ अनुसार हेरचाह गर्ने बाबु आमा वा परिवारको अन्य कुनै सदस्य नभएका वा भए पनि उनीहरूबाट तिरस्कृत र जीविकोपार्जनका लागि कुनै स्रोत नभएका बालबालिकालाई अनाथ वा बेवारिस बालबालिका भनिन्छ । यिनै बेवारिसे बालबालिकालाई अनाथ बालबालिकाहरूको रूपमा लिइएको छ । बालबालिका अनाथ हुने ती कारण र अवस्था छन्, बेवारिस अवस्थामा अस्पतालमा छोडेका, प्रहरीले फेला पारेका, बाबुआमा दुवैको मृत्यु भई परिवारका कुनै सदस्यले वास्ता नगरेको नातेदार वा हकवाला फेला नपरेका आफूलाई जिउने आधार नभएका बालबालिका अनाथ बालबालिका हुन् ।

बालबालिका सम्बन्धी ऐन, २०४८ ले जहिले पनि बालबालिकाको सर्वोत्तम हितमा ध्यान दिने भने पनि तर बेवारिस वा अनाथ बालबालिकाको अधिकारको सन्दर्भमा अभिभावकको पहिचान भएका तर संरक्षण नभएका अनाथ बालबालिकाको व्यवस्था गर्न दुईवटा वैधानिक उपाय कानुनमा व्यवस्था गरिएको छ । पहिले ति बालबालिकालाई प्रचलित कानुन अनुसार धर्मपुत्र वा धर्मपुत्रीका रूपमा व्यवस्थापन गर्ने र दोस्रो त्यस्तो बालबालिकालाई कुनै व्यक्ति वा संस्थालाई संरक्षण तोकी जिम्मा लगाउने, संरक्षण दिने बालकल्याण गृह, अनाथालय वा धर्मपुत्र वा धर्मपुत्रीको रूपमा व्यवस्थापन गर्न सक्ने कानुनी प्रावधान रहेको छ ।

मुलुकी संहिता ऐन, २०७४ ले धारा १३८ मा संस्था संरक्षक भएको मानिने आधार बालबालिकाको कल्याण गर्ने तथा हक हित संरक्षण गर्ने उद्देश्यले कानुन बमोजिम दर्ता भएका बालकल्याण गृह, अनाथालय, बालगृह वा बालमन्दिर जस्ता संस्थामा रहेका बालबालिकाको अन्य संरक्षक नभएमा यस्तो संस्था नै संरक्षक भएको मानिने छ ।

नेपालको संविधान, २०७२ अनुसार भाग ३ मौलिक हक र कर्तव्य अनुसार धारा ३९ मा बालबालिकाको हकलाई लिइएको छ । यसमा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ । भनोता पनि बालबालिकाको हक अधिकार र संरक्षणको निम्ति व्यापक रूपमा आवाज उठेको भए पनि गरिबी, सामान्य हातमुख जोर्न पनि धौ-धौ परेका बाबुआमाको माया सद्भावबाट टाढिएका अवैधानिक यौन सम्पर्कबाट जन्मेका बालबालिकाहरू बाल हिंसामा परेका आफ्नो बाबु आमाको पहिचान नखुलेका बालबालिकाहरू अलपत्र परी बाध्यतावस सडकमा आउन बाध्य भएका छन् । कतिपय बालबच्चाहरू आमा बाबु जातजातीयता, धर्म फरक-फरक भएका कारण, जन्मँदा नै बच्चाहरू असक्ताको कारण लैंगिक विभेदीकरणका कारण अनि मानव अधिकारको नाउँमा बञ्चित हुन पुगेका छन् । त्यसैले असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा हुनुपर्छ ?

बालबालिकाको अधिकारको सम्बन्ध १९ औं शताब्दीको मध्यदेखि नै फ्रान्समा व्यापक बहस चलेको थियो । फ्रान्समा सन् १८४१ मा बालबालिकाको सबैखाले विकासको लागि उनीहरूलाई कानुन संरक्षण दिनुपर्छ भन्ने कुरा उठेपछि सन् १८८१ मा त्यहाँको सरकारले बालबालिकालाई शिक्षा पाउने अधिकारलाई कानुनी रूपमा हुने व्यवस्था गरिएको थियो । २० औं शताब्दीतिर नै अस्पतालमा विभिन्न सामाजिक तथा न्यायिक क्षेत्रहरूमा बाल संरक्षणको सुरु भएको पाइन्छ । बालअधिकार ऐतिहासिक विकास क्रमलाई हेर्दा यो अवधारणा फ्रान्सबाट सुरु भएर अन्य युरोपियन मुलुकहरूमा फैलिएको पाइन्छ । बाल अधिकारको बारेमा व्याख्या बहस चलिरहेकै बेला विश्वले दुई ठूला युद्धहरूको सामना गर्नुपऱ्यो । हरेक युद्धहरू आफैमा अमानवीय र स्वभावैले विनाशकारी हुन्छन् । युद्धले समाजका सबै क्षेत्रमा प्रत्यक्ष असर पार्दछ । यसमा पनि बालबालिकामा बढी पर्ने गर्छ, किनकी उनीहरू अनविज्ञ र निर्दोष हुन्छन् । सन् १९१४ देखि १९१८ सम्म भएको प्रथम विश्व युद्धमा ठूलो धनजनको क्षति भयो । असंख्य बालबालिकाहरू अपाङ्ग तथा अनाथ भए

भने युद्धग्रस्त क्षेत्रमा लाखौँ बालबालिकाहरू भोका, नाङ्गा बन्न पुगे । यसको असर सबैभन्दा बढी बालबालिका तथा महिलालाई परेको थियो । पीडित बालबालिकाहरूको दुःख देखेर बेलायती एकजना फोटो ग्राफर एग्लान्टाइन जेवले यद्धग्रस्त क्षेत्रका बालबालिकाहरूको फोटो खिचेर प्रचार प्रसार गरिन । त्यसबेलाको बेलायती समाजमा केटीहरूको कुर्कुच्चा देखाउनुलाई समेत अपराध मानिन्थ्यो । सोही आरोपमा जेवलाई जेलको सजाय सुनाइयो ।

साना साना बालबालिकाहरूलाई आर्थिक, सामाजिक, शैक्षिक दृष्टिकोणले बलियो बनाउन सकेमा त्यो देशको विकास द्रुत गतिले अगाडि बढ्न सक्छ । बालबच्चाका निम्ति आधारभूत स्थायी सूचकहरू सिकाई, बुझाई, बढाई, खेलाई, स्वास्थ्य सुरक्षा लगायत उनीहरूको इच्छा अनुरूपको माया ममता आवश्यक पर्दछ । यस्ता कुराहरूमा नकारात्मक भाव नराखी सकारात्मक रूपबाट सहकार्य गर्नु जरुरी हुन्छ ।

नेपालमा अनाथ बालबालिकाहरूको संरक्षण एवम् कल्याणकारी कार्यको लागि सरकारी क्षेत्रबाट मात्र नभएर गैरसरकारी, नीजि संघसंस्थाहरू धेरै छन् । बालबालिकामाथि हुने दुर्व्यवहारको विरुद्ध २००४ देखि युनिसेफको सहयोगमा पारालिगल समितिहरू गठन भएको पाइन्छ । बालबालिकाको गुनासोलाई ध्यानमा दिनको लागि निःशुल्क बाल हेल्पलाइन (१०९८) बाल न्याय प्रणालीलाई सुदृढिकरण गर्न कास्की जिल्लामा सिमित मात्रामा बालगृह सञ्चालनमा रहेका छन् । बाल अधिकारको संरक्षण एवम् सम्वर्द्धनको लागि जिल्ला बालकल्याण समिति, जिल्ला बाल संरक्षण समिति र गाउँ बाल संरक्षण समिति पनि कार्यरत रहेका छन् । कास्की जिल्लाको सन्दर्भमा हेर्दा यहाँ विभिन्न संस्थाहरू बालबालिकाको हक हित र संरक्षणमा काम गर्दै आएका छन् । बालमैत्री स्थानीय शासन जिल्ला समितिले पनि नीतिगत साथै बालबालिकाको अधिकारको संरक्षणलाई प्राथमिकतामा राखेको छ ।

बालगृह वा बाल सुधार गृहमा रहेका बालबालिकाको पूर्नस्थापना तथा सामाजिक पून एकीकरण गर्ने सम्बन्धमा बाल कल्याण अधिकारीलाई सहयोग गर्ने दायित्व सम्बन्धित बाल गृह वा बाल सुधार गृहको हुनेछ । (बालबालिका सम्बन्धी ऐन, २०७५) बालबालिकाको अभिभावकको रूपमा रहेर बालगृहले बालबालिकाको सर्वाङ्गीण विकासको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । यसरी बालगृहमा भएका बालबालिकालाई बाल गृहमा हुँदा र पूर्नस्थापन हुँदासम्म बालगृहले जिम्मा लिएर बालसंरक्षण गर्ने हो भने पूर्नस्थापित

बालबालिका पूनः समाजमा एकीकरण हुन सजिलो हुन्छ । यसले गर्दा बालबालिकाको मनोबल उच्च रहन्छ ।

बालबालिकाको क्षेत्रमा विभिन्न सरकारी गैरसरकारी संस्थाहरू भएता पनि अनाथ बालबालिकाको संख्या केही मात्रामा कमी भएता पनि यसको राम्रो सँग कार्यान्वयन हुन सकेको छैन । अझै पनि यति संरक्षण र संवर्द्धन गर्ने विभिन्न तल्लो तहदेखि नीति निर्माण तहसँग उनीहरूको विषयमा वहस हुँदाहुँदै पनि अनाथ संख्यामा वृद्धि रोकिन सकिरहेको छैन । यो सबै संघ संस्थाका लागि ठूलो चुनौतिको विषय बनेको छ । अनाथ बालबालिकाको संरक्षण, कल्याण र विकासका लागि खोलिएको संस्था नै बाल जीवनको ठूलो आधार बनेको छ । बालविकास विना देश विकास सम्भव छैन । त्यसैले अनाथ बालबालिकाको विविध पक्षको अध्ययन तथा अनुसन्धान गरी उनीहरूको अवस्था र समस्या केलाई बालबालिकाको स्थिति कस्तो छ भन्ने जान्नु आवश्यक छ ।

## १.२ समस्याको कथन

आजका बालबालिका भोलिक कर्णधार हुन् । एउटा काँचो माटोलाई जेसुकैको आकारमा ल्याउन खोज्यो तेही आकारमा ल्याउन सकिन्छ । त्यसरी नै बालबालिकाहरूका निम्ति खास गरी उचित शिक्षा, पालनपोषण, सम्भार, माया, ममता आदि ठूलो कुरा हो । यिनै कुराले नै यिनीहरूको भविष्य निर्धारण गरेको हुन्छ । बालबालिकाको पहिलो पाठशाला भनेको उसको घर हो । उनीहरूले घरबाट धेरै कुराहरू सिकेका हुन्छन् । तर त्यो अवसर सबै बालबालिकाले प्राप्त गरेका हुँदैनन् ।

अनाथ, असंरिक्षत बालबालिका संरक्षण, सम्वर्द्धन गर्ने उनीहरूको हक अधिकारलाई दिलाउने हेतुले थुप्रै बाल आरक्षण, बालकल्याण र विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाले बालबालिकाको निम्ति कार्य गर्दै आएका छन् । बालबालिकाको अवस्थाको बारेमा थुप्रै अध्ययन अनुसन्धान भएका छन् । यस एस.ओ.एस. बहिनी कास्की पोखरा बालगृहमा के कति कारणले आउन पुग्छन्, एस.ओ.एस. बहिनीमा संरक्षण लिनुपर्ने कारणहरूको पहिचान गर्ने, संरक्षित भैसकेका बालिकाको कसरी पुर्नस्थापित हुन्छन् भन्ने सन्दर्भमा कुनै शोध अनुसन्धान नभएको कारण यस्ता बालिकाको संरक्षकत्त्व भूमिका निभाउने एस.ओ.एस. बहिनी कास्की पोखरामा आश्रित बालिकाहरूको सामाजिक पृष्ठभूमि साथै यहाँ आउनुपूर्व र पश्चात्‌को सुधारात्मक अवस्था पहिचान गर्नका लागि यो अध्ययन गर्न खोजिएको हो ।

यस्ता असंरक्षित बालिकाहरूलाई एस.ओ.एस. बहिनीमा संरक्षण दिन किन आवश्यक पऱ्यो ? के कस्ता समस्याले गर्दा यहाँ आइपुग्छन् ? बालिकाको बालगृह आउनु पूर्व र पश्चात्को अवस्था कस्तो रहेको छ ? उनीहरूको चाहना के कस्ता छन् ? भन्ने मुख्य समस्याहरूलाई केलाउनको निम्ति यो अध्ययन गर्न खोजिएको हो ।

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन अनुसन्धान तथा खोजको एउटा निश्चित उद्देश्य हुन्छ । यस एस.ओ.एस. बहिनी कास्की पोखरामा रहेका बालिकाहरूको अध्ययन गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

**विशेष उद्देश्यहरू :**

मुख्य उद्देश्यलाई पूरा गर्नका लागि निम्न अनुसार विशेष उद्देश्यहरू लिइएको छ ।

- बालगृहमा बस्ने बालिकाको अतिरिक्त क्रियाकलापप्रतिको चाहनाहरू विश्लेषण गर्ने ।
- यस संस्थामा संरक्षित गृहमा बस्ने बालिकाहरू कसरी पुर्नस्थापित हुन्छन् त्यसबारे अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्त्व

नेपाल एक विविधतामा एकता भएको मुलुक हो । यहाँको भौगोलिक संरचनामा विविधता पाइन्छ । जहाँ बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक राज्य भएको हुनाले यी विभिन्न जातजाति, भाषाभाषी, धर्म संस्कृति भएका जातजातिहरूलाई एउटै सुत्रधारमा समाहित गर्नु आजको आवश्यकता रहेको छ । यस अध्ययनमा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ७ मा अवस्थित एस.ओ.एस. बहिनी विगत १० वर्षदेखि निरन्तर रूपमा अनाथ असहाय बालिकाहरूको संरक्षण तथा पुर्नस्थापना गरी बालिकालाई छात्रवृत्ति र उचित सम्भार गरिरहेको छ भने महिला सशक्तीकरण तथा हस्तकला लगायत अन्य क्रियाकलापहरू गरी सामाजिक उत्थानमा योगदान पुऱ्याउन सफल भएको र मुख्य रूपमा अनाथ बालिकाहरूको उत्थानको निम्ति आधारभूत आवश्यकताका साथसाथै उनीहरूलाई आत्मनिर्भर बनाउने र आफ्नो जिन्दगी सहज रूपमा लैजान सक्ने बनाउनको लागि यस संस्थाले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । एस.ओ.एस. बहिनीले बालिकाको संरक्षणको

लागि कस्तो कार्य गरेको छ, कस्ता योजना बनाएको छ ? एस.ओ.एस. बहिनीमा आउनुभन्दा पहिलाको अवस्था र आइसकेपछिको अवस्था कस्तो रहेको छ ? उनीहरूका चाहनाहरू के कस्ता रहेका छन् ? आदि अध्ययन नै प्रमुख महत्त्वका विषयहरू बन्ने छन् । २०७२ सालको संविधान अनुसारको कार्य गरेको छ छैन भन्ने तर्फ केन्द्रित छ । उक्त संस्थाले समाजमा पुऱ्याएको सेवाले सम्पूर्ण मानव जगत लगायत सरकारी, गैरसरकारी निजी संघसंस्था, उद्योगी, व्यापारी लगायत जो कोहीलाई पनि बालिका सम्बन्धी चासो लिने इच्छुक व्यक्तिका साथै आउने अनुसन्धानकर्ता लगायत नीति निर्माण र स्थानीय प्रशासनलाई समेत यो शोधपत्रले सहयोग पुऱ्याउने छ ।

## १.५ अध्ययनको सीमा

यस अध्ययन निश्चित भौगोलिक क्षेत्रमा गरिएको अध्ययन हो । यसमा निश्चित ठाउँ, निश्चित अवधि, निश्चित उद्देश्य प्राप्त गर्नका लागि गरिने भएकोले यही सीमाको आधारमा यो अध्ययन गरिएको छ । वर्तमान अध्ययनका लागि पोखरा महानगरपालिका वडा नं. ७ मा रहेको एस.ओ.एस. बहिनी, कास्की पोखरालाई उद्देश्यमूलक नमूना छनौटको आधारमा छनौट गरिएको छ । एस.ओ.एस. बहिनीका विभिन्न कार्यक्रमहरू छन् ती कार्यक्रमको विस्तृत अध्ययन गर्न समय, लागत र स्रोतको कमीले सम्भव छैन तसर्थ एस.ओ.एस. बहिनीमा संरक्षित बालिकाहरू यस संस्थामा आउनु पूर्व र पछाडि उनीहरूका चाहना तथा कसरी बालिकाहरू पुर्नस्थापित हुन्छन् यो अध्ययनमा मात्र सीमित रहेको छ । छनौट गरिएको अध्ययन क्षेत्र सानो एकाई भएकाले अध्ययनबाट आएको परिणामले अन्य क्षेत्रको पूर्ण र सही प्रतिनिधित्व गर्न सक्दैन ।

## १.६ मुख्य शब्दावलीहरूको परिभाषा

शोध अध्ययन अनुसन्धान प्रयोजनार्थ प्रयोग भएका विशिष्ट प्राविधिक शब्दहरूको प्रयोगले शोध अध्ययनको बारेमा पाठकलाई कठिनाई नआओस् भन्ने उद्देश्यले यहाँ परिभाषिक शब्दको परिभाषा प्रस्तुत गरिएको छ ।

**अनाथ** - हेरचाह गर्ने बाबुआमा वा परिवारको अन्य कुनै सदस्य नभएका वा भए पनि उनीहरूबाट तरिस्कृत र जीविकोपार्जनको लागि कुनै स्रोत नभएका बालबालिकालाई अनाथ भनिन्छ ।

**संरक्षण** - अनाथ गरिबी या अन्य सामाजिक क्रियाकलापले अलपत्र परेका बालिकाहरूको सम्पूर्ण स्याहार-सुसार गर्नु ।

**पहिचान** - एसो.एस. बहिनी बालगृहमा संरक्षित बालिकाहरूको अवस्थाबारे यथार्थ जानकारी ।

**बालगृह** - बेसहारा, असहाय, बालिकाको निम्ति संरक्षण गर्ने उद्देश्यले स्थापित भवन ।

**बेसहारा** - नजिकको सम्बन्ध (बाबुआमा) गुमाएका बालिकाहरू ।

**पूर्नस्थापित** - एसो.एस. बहिनी बालगृहमा संरक्षित बालिकाहरू पूनः समाजमा जाने ।

## १.७ अध्ययनको सङ्गठनात्मक ढाँचा

यस अध्ययनलाई सात अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा सम्बन्धित शोध अध्यायको परिचय दिइएको छ । दोस्रो अध्यायमा शोध अध्ययनलाई प्रष्ट्याउनको निमित्त पूर्व अध्ययन अनुसन्धान समावेश गरिएको छ । शोध अध्ययन कहाँ गर्ने, कसरी गर्ने, कुन अनुसन्धान पद्धति अपनाउने भन्ने जानकारी तेस्रो अध्यायमा दिइएको छ । त्यस्तै गरी चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय साथसाथै बालिकाको जनसाङ्खिक विवरण छ भने पाँचौ र छैटौँ अध्यायमा शोध अध्ययनको उद्देश्य अनुरूप तथ्याङ्कको तालिकीकरणको माध्यमबाट व्याख्या विश्लेषण गरिएको छ । अन्त्यमा सातौं अध्यायमा समग्र शोध अध्ययनको सारांश मुख्य प्राप्तिहरू र निस्कर्ष र सुझावलाई समावेश गरिएको छ ।

# अध्याय दुई

# पूर्व साहित्य समीक्षा

## २.१ बालबालिका सम्बन्धी ऐतिहासिक पृष्ठभूमि

### २.१.१ विश्वमा बालबालिकाको अवस्था

विश्वका बालबालिकामध्ये एक चौथाई बालबालिका दक्षिण एसियामा बसोबास गर्दछन् ती मध्ये अधिकांशलाई तिनीहरूको अधिकारप्रति र पूर्ण उपयोग गर्न तथा तिनीहरूको सम्पूर्ण सम्भाव्यताको विकास गर्न, परिवार र समाजमा एउटा जिम्मेवारपूर्ण जीवन बिताउन सहयोग र संरक्षणको आवश्यकता पर्दछ । संयुक्त राष्ट्रसंघीय महासन्धी, १९८९ ले बालबालिकाको परिभाषा यसरी गरेको छ, जसमा 'बालबालिका' भन्नाले बालबालिका सम्बन्धी कानुनले पहिले नै बालिग हुन्छ भनी तोकेकोमा बाहेक अठार वर्षभन्दा कम उमेरका प्रत्येक मानव जातिलाई भनेको छ । बालबालिकाका आधारभूत आवश्यकता र अवसरहरू प्राप्त गर्ने कानुनी हैसियतलाई नै बालअधिकार भनिन्छ । सन् १९६० तिरको दशकतिर विश्वमा पाँच वर्ष भन्दा मुनीका २ करोड भन्दा कम बालबालिकाको मृत्यु हुने गर्दथे । हाल बालबालिकाको मृत्युदरको संख्या घटेर १ करोड भन्दा कम भएको छ (बालबालिकाको अवस्था, २०१२) । बालबालिकाको मृत्युदर कम गर्नको लागि विश्वव्यापी रूपमा सञ्चालन गरिएका पोलियो, दादुरा, भिटामिन 'ए' जस्ता कार्यक्रमको प्रभावले गर्दा विश्वमा बालबालिकाको स्वास्थ्य स्थितिमा सुधार ल्याउन ठूलो सहयोग गरेको हो । आम मानिसमा आएको चेतनाले प्रत्येक व्यक्तिलाई स्वस्थ जीवनयापन, सरसफाई सम्बन्धी ज्ञानले गर्दा बालमृत्युदरको संख्यामा कमि आएको हो । यति हुँदाहुँदै पनि बालबालिका निमोनिया र झाडापखाला जस्ता रोगहरूको आक्रमणबाट आफ्नो ज्यान गुमाउन बाध्य छन् । बालमृत्युदरको ५० प्रतिशत स्थान त कुपोषणले नै लिएको छ ।

### २.१.२ नेपालमा बालबालिकाको अवस्था

बालबालिका सम्बन्धी ऐन, २०४८ मा बालक भन्नाले १६ वर्ष उमेर पुरा नगरेको बालबालिका सम्झनुपर्छ भनी उल्लेख गरेको छ र बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ ले पनि उही भावले नै बालबालिकालाई परिभाषित गरेको छ । बालबालिका सम्बन्धी

ऐन, २०७५ का अनुसार "अनाथ बालबालिका" भन्नाले प्रचलित कानुन बमोजिमका अनाथ बालबालिका सम्झनुपर्छ भनेको छ भने बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति समूहलाई बालबालिका भनेको छ । बालबालिका साझा भविष्य हुन् र उनीहरूको स्वतन्त्रता, अधिकार संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महसुस गरी संयुक्त राष्ट्रसंघले सन् १९८९ नोभेम्बरमा बाल अधिकार सम्बन्धी महासन्धी पारित गरेपछि हरेक वर्ष नोभेम्बर २० का दिन अन्तर्राष्ट्रिय बालदिवस मनाइन्छ । यो महासन्धीले बालबालिकालाई जाति, वर्ग, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचारको आधारमा भेदभाव गर्न नहुने बाल अवस्थालाई विशेष स्याहार र सहयोग आवश्यक पर्ने हुनाले बालबालिकाको विकास र कल्याणका लागि परिवारका सदस्य र समुदायले शान्ति, सम्पति, सहिष्णुता, समानता र एकताको भावनाले प्रेरित भई संरक्षण र लालनपालन गर्नुपर्ने । शारीरिक तथा मानसिक अपरिपक्कताका कारण बालबालिकालाई जन्मनु अघि र जन्मे पछि पनि विशेष हेरचाह तथा उचित कानुनी संरक्षणको आवश्यकता पर्ने हुँदा बालबालिकालाई समाजमा एउटा व्यक्तिगत जीवन बाँच्न पूर्ण रूपले समय बनाइनुपर्ने तथा विभिन्न जोखिम र कठिन अवस्था रहेका बालबालिकालाई विशेष संरक्षण र सहयोग दिइनुपर्ने कुरालाई प्राथमिकताका साथ उल्लेख गरी बालअधिकार संरक्षण र प्रचलनको लागि विश्वव्यापी सुनिश्चितता प्रदान गरेको छ ।

बालअधिकार सम्बन्धी महासन्धी, १९८९ र यसपछि जारी भएको बालबालिकाको बेचविखन, बालवेश्यावृत्ति र अश्लिल चित्रण विरुद्ध बालअधिकार सम्बन्धी महासन्धीले ऐच्छिक प्रोटोकल २०००, सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग विरुद्ध बाल अधिकार महासन्धीको ऐच्छिक प्रोटोकल २०००, बालश्रमका निकृष्ट स्वरूप सम्बन्धी आइ.एल.ओ. महासन्धीलाई नेपालले अनुमोदन गरी बालबालिकाको अधिकार सामञ्जस्यपूर्ण विकास, संरक्षण, हेरचाह, विकास र सहभागिता जस्ता विषयमा आफ्नो अन्तर्राष्ट्रिय प्रतिवद्धता जाहेर गरेको छ ।

बालबालिकाको संरक्षण र विकासको विषयलाई सबैजसो राष्ट्रहरूले आफ्नो अवस्था, परम्परा, सांस्कृतिक मूल्य मान्यता र आर्थिक सामाजिक परिवेश अनुरूप राष्ट्रिय कानुनमा समावेश गरी कार्यान्वयन गर्दै आएका छन् । नेपालले मानव अधिकारको विश्वव्यापी घोषणापत्र २०४८, बालबालिका सम्बन्धी सन्धी सम्झौताको आधारमा बालबालिकाको सवालहरूलाई बाल बचाऊ, बाल संरक्षण, बालविकास र बाल सहभागिता समेटेको

आधारमा व्यापक दायरामा समेटी नेपालको संविधान (२०७२) ले बालबालिका सम्बन्धी ऐन नियमहरू, राष्ट्रिय नीति आवधिक एवं वार्षिक योजना र कार्यक्रम तथा संस्थागत व्यवस्था भित्र समावेश गरी स्थानीय तहबाटै कार्यान्वयन अगाडि बढाएको छ ।

वि.सं. २०५८ को जनगणना अनुसार नेपालको जनसंख्या वृद्धिदर २.२५ प्रतिशत प्रतिवर्ष रहेको छ । सन् २०६८ को जनसंख्या अनुसार १४ वर्ष भन्दा कम उमेरका बालबालिकाको संख्या १,०१,६८,५०० रहेको देखिएको छ जुन कुल जनसंख्या २,८५,८४,९७५ मध्येको ३५.५७ प्रतिशत हो (नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०६८) । नेपालको जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २००६ का अनुसार कुल जन्मदर ३.१ प्रति महिला रहेको छ भने १ वर्ष भन्दा कम उमेरका शिशुहरूको मृत्युदर ४८ प्रति हजार र ५ वर्षमुनिका बालबालिकाको मृत्युदर ६१ प्रतिहजार रहेको छ । स्थानीय विकास मन्त्रालयका अनुसार वि.सं. २०६६ सालमा कुल ५,२५,७१५ जना बालबालिकाको जन्मदर्ता भएको तथ्याङ्क छ । जसमा २,४६,३६९ (४३.८६%) बालक र २,७९,३४६ (५३.१%) बालिका रहेका थिए । वि.सं. २०६८ सालको जनगणनाको प्रतिवेदन अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ रहेको छ । जसमा पुरुष १,२८,४९,०४१ (४८.५०%) महिला १,३६,४५,४६३ (५१.५०%) रहेका छन् । ०-१४ वर्ष समूहका ३४.९१% रहेका छन् ।

गैरसरकारी संख्या अनुसार कास्की जिल्लाको वडा नं. ७ मा स्थित बालबालिका संरक्षणको निमित्त सञ्चालित बालगृहहरू

**तालिका २.१ : वडा नं. ७ मा स्थित बालबालिका संरक्षणको निमित्त सञ्चालित बालगृहहरू**

| क्र.सं. | बालगृहको नाम र ठेगाना | संरक्षित बालक | संरक्षित बालिका | जम्मा |
|---|---|---|---|---|
| १. | पोखरा नगरस्तरीय बाल संरक्षण समिति पोखरा-७, बुलौदी | ११ | १ | १२ |
| २. | एसोसियसन अन्नपूर्ण नेपाल पोखरा-७, मासबार | १ | १६ | १७ |
| ३. | विद्यार्थी शिक्षा विकास संस्था पोखरा-७, टुरिष्ट वसपार्क | ८ | २ | १० |
| ४. | ह्याप्पि चिल्ड्रेन होम पोखरा-७, मासबार | ४ | ६ | १० |
| ५. | एस.ओ.एस. बहिनी नेपाल पोखरा-७, मासबार | ० | ७३ | ७३ |
| ६. | पून हिल चिल्ड्रेन होम पोखरा-७, अन्नपूर्ण पथ | १२ | ० | १२ |

स्रोत : वार्षिक प्रतिवेदन, २०७५

## २.२ सैद्धान्तिक समीक्षा

जब मानिस जन्मन्छ अनि उसको जीवनको सुरुवात त्यहिँबाटै हुन्छ । मानसिको बाल्यअवस्था नै प्रारम्भिक र महत्त्वपूर्ण अवस्था हो । यो आफै आफ्नो संरक्षण र हेरचाह गर्न नसकिने र अरुको संरक्षण चाहिने समय हो । आजका बालबालिकाहरू भोलिका कर्णधार हुन् । यिनीहरू नै मुलुकका भविष्य पनि हुन् । बालबालिकाहरू संसारका सुन्दर संरचना हुन् । बालबालिकाको अनुपस्थितिमा समाजको विकासको प्रक्रियाको कल्पना गर्नै सकिँदैन । विभिन्न जाति, रङ्ग, भाषा, भेषभुषा, विचारधारा तथा वर्गीय भेदभावविना स्वतन्त्रतापूर्वक बाँच्न पाउनु र आफ्नो बालापनमा रमाउन पाउनु बालबालिकाको अधिकार हो । तर नेपालमा पनि बालबालिकाको अशिक्षा, रोग, भोक र कुपोषण जस्ता समस्या भोग्नु परेको छ यस्तै विभिन्न समस्या र आर्थिक विपन्नतासँग जुध्दै बाँचेका बालबालिकाहरू मध्ये केही बालश्रमिक त केही टुहुरो अनाथ अवस्थामा रहेका छन् (बालबालिकाको स्थिति, २०७०) ।

कार्ल मार्क्स (१८१८-१८८३) उदृत देवकोटा र ओझा, २०६८ का अनुसार पूँजीवादले अर्थ सञ्चालन सामाजिक सेवाहरू र आधार संरचनाको विकासको क्षेत्रमा सक्रिय भूमिका निर्वाग गर्दछ । यस सिद्धान्तले समाजमा रहेका हुँदा खाने र हुने खाने वर्ग बीचको असमानताको विश्लेषण गरिको छ । त्यसैगरी यस बालगृहमा आश्रित बालिकाहरू पनि धेरैजसो आर्थिक रूपमा कमजोर भई यस बालगृहमा आश्रित हुन बाध्य रहेका छन् ।

मेलिनोस्की (१८८४-१९४२) उदृत देवकोटा र ओझा, २०६८ का अनुसार कुनै पनि सामाजिक र सांस्कृतिक प्रणाली, संघसंस्थाका मूल्य मान्यताहरू आदिको जन्म व्यक्तिको आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि हुन्छ । मानिसले आफ्नो आवश्यकता पूरा गर्नका लागि र प्रयासको प्रतिफल नै संस्कृति हो । यो नै उनले आवश्यकताको सिद्धान्तमा उल्लेख गरेका छन् । त्यस्तै, एस.ओ.एस. बहिनी नेपाल बालगृहमा आश्रित बालिकाहरू पोषण, सुरक्षा, स्वास्थ्य, क्रियाकलाप, संरक्षण, तालिम, शिक्षा आदिको आवश्यकता रहेको पाइयो र ती आवश्यकताहरू यस बालगृहले पूरा गर्ने गरेको पाइयो (बालबालिकाको स्थिति, २०७०) ।

### २.२.१ बालअधिकार सम्बन्धी सिद्धान्त

बालअधिकार महासन्धीले मूलभूत रूपमा चारवटा सिद्धान्तहरूलाई पारित गरेको छ । बालबालिकाको क्षेत्रमा काम गर्दा सबैले यस सिद्धान्तलाई उपयोगी मन्त्रको रूपमा लिएर काम गर्नुपर्ने छ । ति सिद्धान्तहरू निम्न अनुसार रहेका छन् ।

### १. गैर विभेदिकरण

सबै बालबालिकाको लागि समान आवश्यकताको विषय नै बालअधिकार भएकोले सबै बालबालिकालाई विना भेदभाव उसलाई उपलब्ध गराउनु पर्छ । कुनै पनि बालबालिकालाई उसको अभिभावकको वा कानुनी अभिभावकको वर्ग, जातियता, लिङ्ग, भाषा, धर्म, रङ्ग, राजनीतिक वा अन्य विचार, राष्ट्रियता, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, अशक्तता, जन्म वा अन्य कुनै पनि कुराको भेदभाव गर्न नहुने कुरा यस महासन्धीमा रहेको छ ।

### २. बाल सहभागिता

बालबालिकाले उनीहरूको बारेमा वयस्कहरूले लिने निर्णयमा उनीहरूलाई लागेको कुरा बोल्न पाउने अधिकार रहेको छ । प्रत्येक बालबालिकाहरूलाई उनीहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष राख्ने आफ्नो सरोकारको विषयमा आफ्नो दृष्टिकोण, विचार तथा विश्वास आफ्नै शब्दमा स्वतन्त्रता पूर्वक प्रकट गर्न पाउने अधिकार रहेको छ । स्थानीय निकायको योजना तर्जुमा, अनुगमन, समीक्षा तथा मूल्याङ्कन प्रक्रियामा समेत बालबालिकाहरूको सहभागिता हुन आवश्यक छ । त्यसै गरी सूचना र सञ्चारको क्षेत्रमा पनि सबै बालबालिकाको पहुँच र उपयोगिता हुनु पर्दछ ।

### ३. बालबालिकाको सर्वाङ्गीण विकास

हरेक बालबालिकामा बाँच्न पाउने अधिकार निहित छ । सरकारले बालबालिकाले स्वस्थ जीवनयापन गर्न सक्ने वातावरण तयार पार्नु पर्दछ । बाँच्न पाउने बालबालिकाको जन्मसिद्ध अधिकार हो र उसलाई स्वस्थ जीवनयापन गर्नको लागि शारीरिक, मानसिक, वौद्धिक, सामाजिक, संवेगात्मक विकासको आवश्यकता पर्दछ ।

## ४.    बालबालिकाको सर्वोत्तम हित

बालबालिकासँग सम्बन्धित सबै संघ, संस्थाहरूले उनीहरूको हितलाई सर्वोपरी राखेर काम गर्नुपर्दछ । राज्यले कानुन निर्माण गर्दा होस् वा कानुनको कार्यान्वयन तथा व्याख्या गर्दा, विकासका योजना, नीति निर्माण तथा कार्यक्रम ल्याउँदा बालबालिकालाई फाइदा हुने किसिमले ल्याउनु पर्दछ । प्रत्येक बालबालिकालाई बाँच्न पाउने वा जीवन रक्षाको अधिकार रहेको छ । उसलाई कुनै पनि प्रकारको शारीरिक यातना, हिंसा, आर्थिक, यौनशोषण, भेदभाव, मनोवैज्ञानिक, वौद्धिक तथा भावनात्मक दुर्व्यवहार तथा वेवास्ताबाट संरक्षित हुने अधिकार छ । विभिन्न आवासीय बालगृहमा हेरचाह र संरक्षणमा रहेका बालबालिका समेत संरक्षणको जोखिममा पर्न सक्ने हुनाले यसबाट जोगिन आवश्यक छ ।

## २.२.२ बालअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको महासन्धी

संयुक्त राष्ट्रसंघको बडापत्रमा घोषित सिद्धान्त अनुरूप वर्तमान महासन्धीका राज्यसत्ताहरूले मानव परिवारका सम्पूर्ण सदस्यहरूको समान तथा अखण्डनीय अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधारशील हुन् भन्ने कुरालाई मनन् गर्दै राष्ट्रसंघको आधारभूत सिद्धान्तहरू र मानव अधिकार सन्धीहरू तथा घोषणाहरूका केही निश्चित तथा सम्वर्द्धन प्रावधानलाई स्मरण गर्दै, बालबालिकाहरूको दयनीय अवस्थाको कारणले उनीहरूलाई विशेष स्याहार र संरक्षणको खाँचो पर्छ भन्ने कुरा पुनः समर्थन गर्छ र प्राथमिक स्याहार तथा परिवारको सुरक्षात्मक उत्तरदायित्व जन्मनु अगाडि र जन्मेपछि बालबालिकाहरूलाई आवश्यक पर्ने कानुनी र अन्य सुरक्षा र समुदायको सांस्कृतिक मूल्यहरूप्रतिको आदर बालअधिकार साकार पार्नमा अन्तर्राष्ट्रिय सहयोगको प्रमुख भूमिका माथि विशेष जोड दिएको छ ।

## सन् १९८९ नोभेम्वर २० मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित बाल अधिकार सम्बन्धी महासन्धी

भाग १ को धारा १ मा बालबालिका भन्नाले अठार वर्ष उमेर पुरा नगरेको व्यक्ति सम्भनु पर्छ ।

धारा २ मा पक्षपात गर्न पाइँदैन, बालबालिका वा उनका आमाबाबु वा बालबालिकाका वैधानिक अभिभावक/संरक्षक जुनसुकै जात रंग, लिङ्गको भएपनि तिनीहरूले जुन भाषा बोले

पनि वा जुन धर्म माने पनि तिनका राजनीतिक वा अन्य विचारहरू जे भए पनि तिनीहरू जुन राष्ट्र वा समाजमा जन्मेका भए पनि धनी वा गरिव भए पनि तथा अपाङ्ग अशक्त भए पनि उनीहरूलाई ती कुराका आधारमा पक्षपात गर्न पाइँदैन, राज्यले यो कुराको जिम्मा लिनु पर्छ ।

धारा ३ मा बालबालिकाको हितलाई प्राथमिकता बालबालिकाको सम्बन्धमा गरिने सबै प्रकारका काम उनीहरूको उच्चतम हितलाई ध्यानमा राखेर गरिनु पर्ने छ । आमाबाबु वा अन्य जिम्मेवार व्यक्तिले बालबालिकाको हितमा काम गरेन भने त्यस्ता बालबालिकाको स्याहार सम्भारको व्यवस्था गर्ने जिम्मा राज्यले लिनुपर्छ ।

धारा ४ मा यस महासन्धीमा हस्ताक्षर गरेको देशले महासन्धीमा उल्लेखित सबै अधिकारहरू उपयोग गर्ने गराउने कुरा सुनिश्चित गर्नुपर्छ ।

धारा ५ मा महासन्धीले स्वीकार गरेका अधिकारहरू उपभोग गर्ने बालबालिकालाई उनका आमाबाबु र परिवारका सदस्यहरूले दिने परामर्श र सहयोगलाई राज्यले मान्यता दिनु पर्छ ।

धारा ६ मा बाँच्न पाउने प्रत्येक बालबालिकाको अधिकार हो । बालबालिकाको जीवन रक्षा र विकासको लागि राज्यले बढी भन्दा बढी सम्भव भएका सबै उपाय लागु गर्नु पर्छ । साथै राज्यले बाल मृत्युदर घटाउन र दीर्घ जीवनका लागि कुपोषण र महामारीको अन्त्य गर्नु पर्छ ।

धारा ७ मा जन्मेदेखि नै हरेक बालबालिकाको आफ्नो नाम र राष्ट्रियता पाउने अधिकार हुन्छ । कुनै पनि बालबालिका नाम र देश विनाको हुनु हुँदैन ।

धारा ८ मा बालबालिकाको परिचयका आधारभूत कुराहरू, नाम, राष्ट्रियता र पारिवारिक सम्बन्ध, संरक्षण गर्ने र आवश्यकता अनुसार पुर्नस्थापना गर्नु राज्यको दायित्व हुनु पर्छ ।

धारा ९ मा बालबालिकाको सर्वोत्तम हितहरू विपरित हुने अवस्थामा बाहेक आफ्नो आमाबाबुसँग बसोवास गर्ने अधिकार, आमाबाबु दुबैबाट छुट्टिएमा सम्पत्ति राख्न पाउने अधिकार राज्यको काम कारवाहीले गर्दा बाबुआमाबाट अलग हुन गएमा राज्यले निर्वाह गर्नु पर्ने हुन्छ ।

धारा १० अनुसार पारिवारिक पुनर्मिलन हुन वा बाबुआमा र बालबालिकाको नाता कायम राख्नका निम्ति बालबालिकाले र निजको बाबुआमा कुनैले पनि मुलुक छाड्ने वा आफ्नो मुलुकमा प्रवेश गर्ने अधिकार ।

बालअधिकार र सम्बन्धी महासन्धि १९८९ ले गरेको व्यवस्थालाई मध्यनजर गर्दै बालअधिकारका लागि मुख्य रूपमा निम्न अनुसारको ४ भागमा विभाजित गरिएको छ ।

**१. बाल बचावट (बाँच्न पाउने अधिकार)**

यो बालबालिकाको जन्मसिद्ध अधिकार हो । जन्मेपछि परिचय, गास, बास, कपास (लुगा), सफा पानी, उपचार लगायतका आधारभूत कुराहरू पाउनुपर्दछ ।

**२. बाल संरक्षण (सुरक्षित हुने अधिकार)**

हेला, उत्पिडन, शोषण, दुर्व्यवहार, हानिकारक काम, युद्धमा लाग्नु पर्ने, आमा-बाबुबाट अलगिनु पर्ने जस्ता कुराबाट संरक्षण हुन पाउनुपर्दछ ।

**३. बालविकास (विकास गर्ने अधिकार)**

स्वच्छ वातावरणमा शिक्षा, मनोरञ्जन, खेल, रचनात्मक कार्य, बिना भेदभाव सहयोग पाउने, जानकारी राख्ने लगायतका स्वविकासका अधिकार र मनमा लागेका कुरा, भन्न पाउने अधिकार सुरक्षित हुनुपर्छ ।

**४. बाल सहभागिता (सहभागी हुने अधिकार)**

बालबालिकाले आफ्नो कुरा सम्बन्धित ठाउँमा राख्न, बोल्न पाउनुपर्छ । यसैगरी बालहककहित र विकासका लागि सभा सेमिनारमा भाग लिन पाउनु पर्छ ।

बालबालिका सम्बन्धी ऐन २०७५ परिच्छेद-५ बालबालिकाको विशेष संरक्षण र पूर्नस्थापना धारा ४८ देखि धारा ५८ सम्म व्याख्या विश्लेषण गरेको छ । यसले बालगृहमा संरक्षित बालबालिका हकहितको लागि बालगृहहरू कस्तो निपक्ष बनाउने र कार्यन्वयन गर्ने भन्ने विषयलाई यसले जोड दिएको छ ।

**विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरू :-**

बालबालिकालाई आश्यकता अनुसार उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग पारिवारिक पूर्नमिलन, पूनस्थापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा सामाजिकीकरण लगायत अन्य सेवा ।

**वैकल्पिक हेरचाहको व्यवस्था :-**

बालबालिकाको आमाबाबु तर्फको नातेदार, इच्छुक परिवारबाट पनि बालबालिकाको हेरचाह गर्ने संस्था बालगृह ।

**बालबालिको संरक्षण :-**

कुनै ठाउँमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका रहे भएको थाहा पाउने व्यक्तिले सो कुराको सुचना बालकल्याण अधिकारीलाई दिने ।

**संरक्षण नियुक्त गर्ने वा तोक्ने :-**

वैकल्पिक हेरचाहको सेवा पद्रदान गर्दा प्रचलित कानुन बमोजिम संरक्षण नियुक्त गरी वा तोकी हेरचाहको व्यवस्था मिलाउनु पर्ने ।

**बाल गृहको स्थापना तथा सञ्चालन :-**

विशेष संरक्षण आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने विशेष संरक्षण आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार बाल गृहको स्थापना गर्ने ।

**बाल गृहमा रहने अवधि :-**

विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उपयुक्त पूर्नस्थापना नभएसम्म वा त्यस्तो बालबालिकाको उमेर अठार वर्ष नपुगसम्म निजलाई बालगृहमा राखिने छ ।

**पूर्नमिलन गराउनु पर्ने :-**

बालबालिकाको बाबुआमा वा अभिभावक पत्ता लागेमा र बालबालिकाको उच्चतम हित हुने भएमा तोकिए बमोजिम पूर्नमिलन हुने ।

**पूर्नस्थापना तथा सामाजिक पूनऐकिकरण सम्बन्धी दायित्व :-**

बालगृह वा बाल सुधार गृहमा रहेका बालबालिकाको पूनर्स्थापना तथा सामाजिक पुनर्एकीकरण गर्ने सम्बन्धमा बाल कल्याण अधिकारीलाई सहयोग गर्ने दायित्व सम्बन्धी ।

**संस्थाको प्रमुख जिम्मेवार हुने :-**

कुनै संस्थाले संरक्षकको जिम्मेवारी पाएको भएमा त्यस्तो संस्था प्रमुख बालबालिकाको हेरचाह तथा पालनपोषणको लागि अन्तिम जिम्मेवार मानिने छ ।

**बाल संरक्षण सम्बन्धी मापदण्ड :-**

विद्यालय, बालबालिका सँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवम् सामाजिक संस्थाले बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाही गर्नको लागि संस्थागत तहमा बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने ।

**अनुगमन तथा प्रतिवेदन :-**

बालबालिकाको हेरचाह र पालनपोषण गर्ने जिम्मा लिएका व्यक्ति, संरक्षक वा संस्थाले बालबालिका सम्बन्धी विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित बाल कल्याण अधिकारी मार्फत स्थानीय बाल अधिकारी समिति सम्म पेश गर्नु पर्ने ।

## २.३ पूर्व साहित्यको समीक्षा

नेपालमा बालबालिकासँग सम्बन्धित विभिन्न लेख कृतिहरू प्रकाशित भएका छन् । नेपालका विभिन्न भागमा अवस्थित बालबालिकाको विभिन्न कुराहरूको विकास तथा बालहितका

लागि थुप्रै सरकारी तथा गैरसरकारी तथा अन्तर्राष्ट्रिय संघ संस्थाद्वारा थुप्रै अध्ययन अनुसन्धान भएको छैन । बाल अधिकार महासन्धीले बालबालिकाको अधिकार, नीति, नियमहरू बनाएको छ र तिनै नीति नियम अनुसार बालबालिकालाई आफ्नो हक अधिकार दिलाउनको लागि विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूले बालबालिकाको हक र हितका लागि थुप्रै प्रयासहरू गर्दै आएका छन् । विभिन्न संघसंस्था, सरकार, बाल निकाय, अन्तर्राष्ट्रिय निकाय, विभिन्न विद्वान्, लेखकहरूले बालबालिकासँग सम्बन्धित गरेका अध्ययन अनुसन्धानबाट प्राप्त निष्कर्ष र तथ्यका आधारमा प्रकाशित कृतिले गहन भूमिका खेल्ने भएकोले ती सामग्रीहरूलाई पूर्वसाहित्य अध्ययनको रूपमा लिइएको छ ।

अनाथ र अवोध बालबालिकाको संरक्षण गर्नुपर्दछ किनकी यिनीहरू नै भोलिका शक्ति संरक्षण र नागरिक हुन् । तर पनि विकसित मुलुकको दाँजोमा दक्षिण एसियाको बालबालिकाहरू धेरै कष्ट खेप्नु परेको छ । जस्तै आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक आदि बालबालिका भनेका सबै राष्ट्रका समान हुन् र त्यसकारण यिनीहरूको उचित संरक्षण गर्नु पर्ने कुरा सुरुमा नै पर्दछ । किनभने देशको भविष्य यिनै बालबालिकाहरूमा निहित भएको कुरा स्वीकार गर्दै संयुक्त राष्ट्रसंघका महासचिव श्री बुत्रोस बुत्रोस घालीले भन्नुहुन्छ “हाम्रा बालबालिका नै हाम्रा भविष्य हुन्” (युनिसेफ, १९९४) ।

बालबालिका सम्बन्धी सरोकार राख्ने राष्ट्र तथा युनिसेफ एक यस्तो संस्था हो जसले विश्वका बालबालिकाको स्थिति, भोग्नुपरेका समस्या, समाधानका उपायहरूको बारेमा अध्ययन तथा संयोजन गर्ने गर्दछ र यसले प्रत्येक वर्ष आफ्नो आकर्षक प्रतिवेदन प्रस्तुत गर्ने गर्दछ । जसमध्ये १९९४ मा प्रकाशित युनिसेफ वार्षिक रिपोर्टमा बालबालिकाहरूले भोग्नुपरेका बेग्लाबेग्लै समस्याहरूको बारेमा विश्लेषण गरिएको छ । उक्त प्रतिवेदनमा बाल अधिकार तथा शिक्षा तथा शैक्षिक स्थितिको विवरणको विश्लेषण गरिएको छ (युनिसेफ, १९९४) ।

क्षेत्री (२०१४) का अनुसार बालबालिकाको सामाजिकीकरणमा उसको परिवारको सामाजिक सांस्कृतिकरणले प्रभाव पार्दछ । परम्परादेखि सिक्दै, भोग्दै नराम्रो संस्कारहरू जस्तो कि परिवारले बालबालिकाको लवाइ, खुवाइ, आश्रय, व्यवस्थापन आदिमा परिवर्तन गर्न नसक्नु सामान्य आधारभूत आवश्यकता पनि पूरा गर्न नसक्नुले पुरानै संस्कारमा जरा गाडिनु समय अनुसार समायोजन हुन नसक्नुले पनि बालबालिकामा निराशापन, दरिद्री, भावना सङ्किर्ण

सोचाईको विकास हुन्छ । उसको पुरानै सोचाई परिवर्तन गर्न गाह्रो हुने अवस्थाले पनि बालबालिकाहरू असंरक्षित बन्न पुग्छन् (क्षेत्री, २०१४) ।

अधिकारी (२००७) का अनुसार सडकमा बालबालिकाहरूलाई माया/सहानुभूतिको आवश्यकता हुन्छ । तर तिनीहरूले माया र सहानुभूति पाउँदैनन् । सडकमा आउनु उनीहरूको इच्छाले नभएर बाध्यताले सडकमा आउनु परेको हो । आफ्नो आमाबाबुको पहिचान भएकोले, सौतेनी आमाको दुर्व्यवहार बाबुआमाको झगडा बाबुआमाले छोराछोरी माथिको कर्तव्य वहन गर्न नसक्नाले बालबालिकाहरू सडक सम्म आइपुग्छन् । जसले सामाजिक सद्भावमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा असर पारेको हुन्छ । फोहोर संकलन गर्ने, चोरी गर्ने, नराम्रो शब्द बोल्ने, चुरोट पिउने, नशालु पदार्थहरू पिउने, संरक्षण विनाको हुन पुग्छन् । उनीहरूको यस्तो अवस्थामा आउनुमा उनीहरूलाई पारिवारिक, नैतिक शिक्षाको कमी, माया ममताको कमी, बालबालिकाको इच्छा विपरित कार्य, गरिवी अभावको कारण गर्दा सडक बालबालिका बन्न पुग्छन् (अधिकारी, २००७) ।

न्यौपाने (२०६७) का अनुसार बालबालिकाहरू बेसहारा अनाथ हुन जानुमा आफ्नो अभिभावक, बाबुआमा नहुनु, संरक्षण र आश्रय गर्ने परिवार नहुनु, सौतेनी आमाबाबुको नराम्रो व्यवार, साथीहरूको लहलहैमा हिँड्नु, बालबालिकालाई धेरै काम गराउनु प्रमुख कारण रहेको पाउन सकिन्छ ।

बालबालिकाहरूले सडक जीवन व्यतित गर्न वाध्य हुनुको पछाडि बढ्दो गरिबी, आमाबाबुले सन्तानको उचित हेरचाह नगरेकोले उनीहरू बेवास्तामा पर्न गएको, छोराछोरीलाई माया ममता दिएर भन्दा पनि पिटेर र यातना दिएर ठिक पार्न खोज्दा घरपरिवारमा अन्तरकलह भएर, कुलतको संगतले गर्दा विद्यालयमा प्राप्त गलत शिक्षाविधि आदि प्रमुख कारणहरू रहेका छन् (कोइराला, २०५४)

सडक बालबालिका हुनाका कारण गरिबीभन्दा पनि बाबुआमा अर्थात् अभिभावकहरूको दुर्व्यवहार, उचित रेखदेख र माया ममताको अभाव केटाकेटीहरूको सानातिना गल्तीमा गम्भिर सजाँय दिनु रहेको छ (लिम्बु, २०५४)

बालबालिकालाई घर र आफ्नो वातारणबाट टाढा सडक जीवनमा पुऱ्याउँन सामाजिक सहयोगको अभाव र वर्तमान सामाजिक संरचनाले टेवा पुऱ्याइरहेको गरिबी र परिवारमा

आइपर्ने विपत्तीहरूद्वारा उत्पन्न हुने सामाजिक मनोवैज्ञानिक कारणहरूले भूमिका खेलिरहेका हुन्छन् (I LO, २००१) ।

CWIN का अनुसार नेपालमा यातायत क्षेत्रका वातावरण भन्ने पुस्तकमा प्रकाशित लेख अनुसार नेपालमा कुनै बालबालिकाहरू सामान ओसार पोसार गर्ने, यातायातमा यात्रुहरूसँग भाडा उठाउने आदि काममा रहेको र ती बालबालिकाहरू काममा रहँदा आधारभूत आवश्यकता जस्तै शिक्षा, स्वास्थ्य, खाद्यान्न नपाउनको साथै दयनीय अवस्थामा छन् (CWIN, २००७) ।

CWIN को सन् १९९० को ‘Young Ragpicker in Kathmandu’ नामक प्रतिवेदन अनुसार बालबालिकाका विविध समस्याहरू मध्ये सडक बालबालिका जटिल समस्याको रूपमा देखिएको छ । यिनीहरू नेपालका विभिन्न शहरी क्षेत्रमा देखिएका छन् । त्यसमा पनि धरान, पोखरा, हेटौडा, काठमाण्डौ आदि ठाउँमा विकराल समस्याको रूपमा देखिएको छ ।

सडक बालबालिकाको प्लाष्टिक आदि संकलन गर्ने, भारी बोक्ने, सडकमा गित गाउने, बस र टेम्पोमा खलासीको काम गर्ने, सडकमा घुम्ने आदि गर्दछन् । त्यस्तै बस सुविधा भएका शहरहरूमा एक शहर देखि अर्को शहर जाने, अलिक दिन काम गर्ने र फेरि अर्को शहर जाने गरेका पाइएको छ (बाल अधिकार, २०५३) ।

# अध्याय तीन

# अनुसन्धान पद्धति

## ३. अध्ययन विधि

### ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

पोखरा महानगरपालिका वडा नं. ७ मा अवस्थित एस.ओ.एस. बहिनी नेपाल बालगृहलाई लिएको छ । विदेशी नागरिकद्वारा खोलिएको यस बालगृहमा अनाथ बालिकाको संरक्षण गरी उचित लालनपालन, शिक्षा, मनोरञ्जन दिनुको साथै विभिन्न जात, धर्म, उमेर, क्षेत्र वा बालिकालाई संयमित बनाई पारिवारिक शैली, आमाको माया ममतामा रहेर बाल अधिकारको प्रत्याभूति सहित संरक्षण सक्षम बनाई पुर्नस्थापित गरेकोले उक्त सामाजिक योगदानको अध्ययन गर्न यस क्षेत्र छानिएको हो ।

### ३.२ अनुसन्धानको ढाँचा

अनुसन्धानकर्ताले अनुसन्धान सम्पन्न गर्नका लागि तयार गर्ने कार्य योजना अनुसन्धान ढाँचा प्रस्तुत गरिएको छ । यस अध्ययनमा वर्णानात्मक एवम् विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरिएको छ । अन्वेषणात्मक ढाँचाबाट सत्यता र विश्वसनियता माथि आधारित रहि पूर्ण सुचनाको प्राप्तिको लागि प्रयत्न गरिएको छ ।

### ३.३ तथ्याङ्कको स्रोत

यस अध्ययनमा बालिकाको मनोरञ्जनको चाहना बुझ्नको साथै यस बालगृहमा बस्ने बालिकाहरू कसरी पुर्नस्थापित हुनछन् भन्ने जानकारी लिनको निम्ति अध्ययन स्थलमा मै उपस्थित भई अर्न्तवार्ता अनुसुचिको माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन विधिबाट सङ्ख्यात्मक तथ्याङ्क संकलनका लागि बालगृहका बार्षिक रिपोर्ट, स्मारिका, प्रतिवेदन, सम्बन्धित क्षेत्र वा विषयसँग मिल्ने खालका पत्रपत्रिका, औपचारिक, अभिलेखहरू, सरकारी, गैरसरकारी निकायका तथ्याङ्कहरू, पुस्तक, विभिन्न लेख रचना बालबालिका सम्बन्धी विभिन्न वेवसाइटहरू आदि लिइएको छ ।

## ३.४ जनसंख्या र जनगणना विधि

अध्ययनको उद्देश्य अनुरूप कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. ७ मा अवस्थित एस.ओ.एस. बहिनी नेपाल बालगृहमा पुर्नस्थापित भइसकेका बाहेक गृहमा संरक्षित कुल ७३ जना बालिकालाई समग्र मानिएको छ र तिनिहरूको मात्र अध्ययन गरिएको छ । समग्रमा ७३ जना मात्र भएकोले जनगणना विधि अवलम्बन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

कुनै पनि शोधकार्यलाई पूर्ण रूप प्रदान गर्नका लागि वास्तविक तथ्याङ्क जबसम्म आउन सक्दैन, त्यो शोधकार्य सफल मानिँदैन । फलतः सत्य तथ्यगत अङ्क तथ्याङ्क गर्नको लागि आवश्यक सबै खालका साधनहरूको उपयोग गरी तथ्याङ्क संकलन गर्नु पर्ने हुन्छ । यस शोधमा प्रयोग गरिने तथ्याङ्क संकलनको साधनहरू निम्न बमोजिम छन् ।

### ३.५.१ प्रत्यक्ष सहभागी अवलोकन

प्राथमिक तथ्याङ्कको संकलनका साधनहरूको मुख्य भाग भनेको प्रत्यक्ष सहभागी अवलोकन विधि हो । यस अध्ययनको मुख्य क्षेत्र एस.ओ.एस. बहिनी नेपाल कास्की भएकोले यसमा बालबालिकाको वास्तविक वस्तुस्थिति बुझ्नको लागि यस संस्थामा सम्पर्क राखी आवश्यक अवलोकन गरिएको छ । बालगृहको संरचना बसाइको स्थिति अवलोकनको क्रममा संस्थाका रेकर्डहरू आदिको अवलोकन गरेर सूचना संकलन गरिएको छ ।

### ३.५.२ मुख्य जानकार व्यक्तिसँगको अन्तरवार्ता (अनुसूची)

यस विधिमा बालगृहमा संरक्षित रहेका बालिका, बालगृहका कर्मचारी सञ्चालकहरूलाई भेटी उनीहरूको बालगृहमा हुने क्रियाकलाप, बालिकालाई दिइएको सुविधा, बालिकाको पुर्नस्थापना सम्बन्धी र बालिकाहरूको कस्तो वातावरण छ, प्रत्यक्ष रूपमा उनिहरूसँग भेटी अन्तरवार्ताको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.३ प्रश्नावली (अनुसूची)

शोध अध्ययनको निम्ति सबैभन्दा धेरै सुचना दिने साधन भनेको प्रश्नावली हो । उक्त प्रश्नमा उत्तरदाताको (नाम, थर, ठेगाना, लिङ्ग, उमेर, जात, धर्म, शिक्षा, सुविधा, अतिरिक्त

क्रियाकलाप) थाहा पाउनका लागि आवश्यक बन्द तथा खुल्ला प्रश्नहरू तयार गरिएका छन् । आवश्यकता अनुरूप जानकार व्यक्तिसँग पनि जानकारी लिइएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

वर्तमान अध्ययन कार्यमा उपयोग गरिने तथ्याङ्कहरूलाई आवश्यकता अनुसार प्रश्नावली तथा अन्तरवार्ताको माध्यमबाट प्राप्त सूचना तथा जानकारीको आधारमा नै तथ्याङ्क विश्लेषण गरिएको छ । संख्यात्मक रूपमा प्राप्त तथ्याङ्कलाई साधारण तालिका संख्या र प्रतिशतले स्पष्ट सूची तय गरेर प्रस्तुत गरिएको छ भने अन्य तथ्यबाट प्राप्त सूचनालाई वर्णनात्मक र विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# उत्तरदाताको सामाजिक जनसांख्यिक विवरण

## ४.१ अध्ययन क्षेत्रको परिचय

महिला र बालिकामाथि हुने हिंसा र शोषण रोक्ने उद्देश्यका साथ २००४ मा रेमेड लिनडिनजरद्वारा सञ्चालित एस.ओ.एस. बहिनी नेपाल अनाथ बालिका र एकल महिलाहरूको क्षेत्रमा काम गर्दै आफ्नो छुट्टै सामाजिक छाप राखिराहेको छ । विदेशी नागरिकले बालिका महिला माथि हुने शोषण र हिंसा रोक्ने उद्देश्य लिएर यस संस्थाका संस्थापक रेमेड लिनडिनजर १९९९ मा पहिलो पटक नेपाल भ्रमण आएका थिए । उनले माइती नेपालको संस्थापक श्रीमती अनुराधा कोइरालासँग भेटघाट गरी नेपालमा महिला र बालिकामाथि हुने भेदभाव, हिंसा, शोषण, तस्करी, वेश्यावृत्ति आदि समस्यालाई कसरी रोक्न सकिन्छ भनेर २००४ मा एसो.ओ.एस बहिनी स्थापना भएको हो । एसो.ओ.एस बहिनी नेपालमा अनाथ बालिका र महिला सशक्तीकरणको लागि योगदान गर्दै आएको छ । हाम्रो नेपाली समाजमा महिलालाई कमजोर मानिन्छ । पुरुषप्रधान समाज भएका हुनाले पुरुषले वर्षौदेखि महिलामाथि शोषण गरेको पाइन्छ । यही महिलामाथि हुने विभेद र शोषणबाट मुक्त हुनको लागि महिला सशक्तीकरण गराउन आवश्यक छ । समाजका प्रत्येक व्यक्तिहरुमा रहको जैविक विशेषताको आधारमा ऊ महिला हो या पुरुष हो भनि सार्वभौम रूपमा छुट्याउनु लिङ्ग हो (आचार्य, २०६८) । एस.ओ.एस. बहिनी नेपालले बहिनी बचाऊ भन्ने नाराका साथ बालिकाहरुलाई मात्र लिएको छ । सामाजिक, सांस्कृतिक दृष्टिकोणले हेर्दा छोरी बढी घरेलु हिंसा र शोषणमा पर्ने गरेको पाइन्छ । यस संस्थाले प्रत्यक्ष रूपमा बालिकाको जीवनमा प्रत्यक्ष रूपमा सकरात्मक परिवर्तन ल्याउन सफल भएको पाइन्छ । वार्षिक प्रतिवेदन यस संस्थामा  सञ्चालित मुख्य कार्यक्रमहरूमा

१) **एकीकृत - परिवार - सहायता कार्यक्रम :-** बालिकाका लागि आमाको अभाव सिर्जना नहोस् भन्ने उद्देश्यका साथ २००५ सालमा यस कार्यक्रम सञ्चालनमा आएको ७ बालिका बराबर एक विधवा महिला आमाको रूपमा रहने ।

२) **महिला कौशल विकास केन्द्र :-** महिलाहरूलाई आर्थिक रूपमा सबल बनाउनको लागि २००८ मा चार कार्यक्रम सञ्चालनमा आएको पाइयो यसमा सिलाई, बुनाई, कला, गैराऔपचारिक शिक्षा, हस्तकला आदि ।

३) **ज्योति सदन :-** २००६ मा सञ्चालित यस ज्योति सदनले महिला वा किशोर किशोरीलाई स्वास्थ्य सम्बन्धी कार्यक्रम गर्ने पोखराको मुख्य फोहोर बस्ती बसपार्क जस्ता ठाउँमा ।

४) **ब्रिज कोर्स :-** एस.ई.ई. दिएका बालिकाहरूलाई थप सिप हासिल गर्ने अंग्रेजी र कम्प्युटर सीप प्रदान गर्ने उद्देश्यका साथ २०१४ मा स्थापित ।

५) **पाररोड (सदन) :-** एस.ई.ई. दिएका बालिकाको लागि छुट्टै घर यसमा आफ्नो काम आफै गर्न सिकाउने २०१२ देखि सञ्चालनमा आएको ।

६) **शिक्षा हेरबिचार परियोजना कार्यक्रमहरू :-** भौगोलिक विकटता भएको ठाउँमा एकल महिलाले आफ्नो अतिरिक्त आवश्यकता पूरा गर्न नसकेको र छोराछोरी स्कुल जानबाट वञ्चित भएकोलाई गर्ने सहयोग ।

### ४.१.१ बालगृहमा संरक्षित बालिकाको अवस्था

एस.ओ.एस. बहिनी नेपाल मासवार पोखरामा विभिन्न जात, धर्म, वर्ग, क्षेत्र, उमेर, सांस्कृतिक, भाषा परिस्थिति र व्यवाहारिक बालिका, जो अनाथ र असाय छन् ति बालिकालाई संयमित बनाई पारिवारिक वातावरण सम्पूर्ण बालिकालाई सुरक्षित साथ संरक्षण गर्नु संस्थाले प्रमुख दायित्व लिएको पाइयो । हाल ७३ जना बालिका यस संस्थामा पारिवारिक वातावरणमा अधिकारका साथ रमाइलो वातावरणमा हुर्किरहेको पाइयो । पुर्नस्थापनाको लागि जब उनीहरूको इच्छा अनुसार पढाइलाई निरन्तरता दिने र आफ्नो खुट्टामा उभिने केही सीप सिकेर आत्मनिर्भर बनाएर आफैमा आत्मनिर्भर हुन सक्ने भएपछि मात्र पुनर्स्थापित हुँदा रहेछन् । जसमा बालिका होटल व्यवस्थापनमा, एक्सरे विशेषज्ञ, ल्याव टेक्नीसियन, पशु सहायक, भौतिक चिकित्सक, शिक्षक र कुनै न कुनै सीप सिकाइ आफै सक्ने भएपछि मात्र पुर्नस्थापना गरिने र एस.ई.ई. तथा १२ कक्षा पास गरी रोजगारमूलक तथा आफैले केही गर्न सक्ने भएपछि मात्र आफ्नो घर समाजमा पुर्नस्थापना भएको पाइयो ।

**तालिका ४.१ : उमेर अनुसार संरक्षित बालिका**

| विवरण | बालिका | प्रतिशत |
|---|---|---|
| १-५ वर्षसम्म | २ | २.७३% |
| ६-१० वर्षसम्म | १० | १३.६९% |
| ११-१४ वर्षसम्म | २८ | ३८.३५% |
| १५-२० वर्षसम्म | २८ | ३८.३५% |
| २१-२५ वर्षसम्म | ५ | ६.८४% |
| कुल | ७३ | |

स्रोत : वार्षिक रिपोर्ट २०७५

माथिको तालिका अनुसार १ देखि ५ वर्षसम्म बालिकाहरूको संरक्षण २.७३ प्रतिशत मात्र रहेको पाइन्छ भने यस बाट के प्रष्ट हुन्छ भने १ देखि ५ वर्ष सम्मका बालिकाहरूको न्युज संरक्षण भएको पाइयो । त्यसैगरी छ देखि १० वर्षका बालिकाको संरक्षण १३.६९ प्रतिशत रहेको पाइयो भने ११ देखि १४ वर्ष सम्मका बालिका र १५ देखि २० वर्षसम्मका बालिकाहरू ३८.३५ प्रतिशत भएको पाइयो । त्यैसैगरि २१ देखि २५ वर्षसम्मका बालिका ६.८४ प्रतिशत मात्र संरक्षण भएको पाइयो । उक्त तथ्याङ्कबाट के विश्लेषण गर्न सकिन्छ भने सानो उमेरमा कम र बीचको अथवा बढ्दो उमेरमा पारिवारिक माया ममता र आर्थिक स्थितिले गर्दा बालिकालाई बालगृहमा संरक्षित हुन आएको पाइयो ।

**तालिका ४.२ : जिल्ला अनुसार संरक्षण बालिकाहरू**

| जिल्ला | संख्या | जिल्ला | संख्या |
|---|---|---|---|
| कास्की | २५ | पर्वत | २ |
| स्याङ्जा | ५ | पाल्पा | १ |
| चितवन | २ | मकवानपुर | २ |
| वाग्लुङ | ११ | नवलपरासी | ३ |
| लमजुङ | ६ | सुर्खेत | ९ |
| तनहुँ | २ | कञ्चलनपुर | १ |
| सिन्दुपाल्चोक | १ | बर्दिया | २ |
| **कुल** | **७३** | | |

स्रोत : वार्षिक रिपोर्ट २०७५

प्रस्तुत तालिका अनुसार विभिन्न जिल्लाहरूका बालिकाहरू संरक्षित रहेको पाइयो । जसमध्ये सबैभन्दा बढी बालिकाहरूको संख्या कास्की जिल्लामा भएको पाइयो । जसमा २५ जना बालिकाहरू संरक्षित रहेका छन् । त्यसैगरी बाग्लुङ जिल्लामा ११ जना बालिका संरक्षित रहेका छन् भने सुर्खेत जिल्लामा ९ जना, लमजुङ जिल्लामा ६ जना, स्याङ्जामा ५ जना, नवलपरासीमा ३ जना, बर्दिया, पर्वत, मकवानपुर, तनहुँ, चितवनमा २/२ जना बालिका संरक्षित रहेको पाइयो भने सिन्दुपाल्चोक, काभ्रे, पाल्पा र कञ्चनपुरमा १/१ जना संरक्षित गरी जम्मा ७३ जना बालिकाहरू संरक्षित रहेको पाइयो । यस तथ्याङ्कबाट के प्रष्ट पार्न सकिन्छ भने कास्की जिल्लामा सबैभन्दा बढी बालिका हुनुमा सबैभन्दा बढी जनघनत्व यही जिल्लामा भएको र सम्पर्क केन्द्र रहेकोले विभिन्न जिल्लाका मानिसहरू यहाँ आवत जावत गर्ने, बस्ने भएकोले कास्की जिल्लामा बढी र पाल्पा, सिन्धुपाल्चोक, कञ्चनपूरमा एक एक जना सबैभन्दा न्युन हुनुमा प्रचार प्रसारको कमि र सम्पर्क नभएको हुनाले यस्तो भएको पाइयो ।

### ४.१.२ बालगृहमा गरिने कार्यक्रमहरू

#### क) वार्षिक कार्यक्रम

एस.ओ.एस. बहिनी बालगृहमा अनाथ असाहाय बालिकाहरूलाई पारिवारिक वातावरणका साथ माया, ममता, शिक्षा, स्वास्थ्य, मनोरञ्जन सबै कुरालाई ध्यानमा राखी वर्षभरि दैनिक कार्यतालिका अनुरूप एक विधवा अबला एकल महिलालाई आमा बनाएर एक परिवार बराबर ७ जना बालिका गरेर राखेको पाइयो प्रत्येक शनिबार ‘परिवार दिन’ सबै ठाउँमा भोजन गर्ने मनोरञ्जन गतिविधि गर्ने नृत्य, कला खेल गरिएको पाइयो, साथसाथै शारीरिक अभ्यास टेकवान्डो । बेलाबेलामा स्वास्थ्य परिक्षण, विद्यालय अध्ययन, नृत्य, कम्प्युटर कक्षा, अङ्ग्रेजी कक्षा, आर्ट सम्बन्धी कक्षा र मनोरञ्जनको लागि टेलिभिजन, फिल्महरू, ज्ञानवर्धक डकुमेन्ट्री भ्रमण समय अनुसार गरिन्छ । खेलकूद तर्फ टेकवान्डो, फुटबल, टेवल टेनिस, पौडी, चेस, लुडो, लगायत अन्य इनडोर र आउटडोर क्रियाकलापहरू बालिकाको प्रतिभा प्रतिफुटन गराउन जसमा नृत्य, गायन, उद्घोषण, चुटकीला, वादविवद जस्ता क्रियाकलापमा बालिकालाई सहभागी गराई कार्य गरेको छ । बालिकाद्वारा सरसफाई कार्यक्रममा सहभागी गराएको पाइयो । चाडपर्व मनाउने तथा संस्कृतिको बारेमा

जानकारी दिने कार्य पनि गरिन्छ । आफ्नो अभिभावकको रूचि अनुसार अभिभावक भेटघाटको लागि घरमा पठाइने ।

**ख) एकीकृत परिवार सहायता कार्यक्रम**

बालिकाहरूलाई आफ्नो अभिभावकको कमी महसुस नहोस् भन्ने धारणाका साथ २००५ मा यस कार्यक्रम ल्याएको यस कार्यक्रममा सात बालिका बराबर एक आमा हुने व्यवस्था गरिन्छ । उनीहरूको छुट्टै घर हुनेछ र आमाले सात बालिकालाई हेर्ने र सहयोग गर्ने आमाको भूमिका निर्वाह गरेको हुन्छ । आमा एकल वा विधवा महिलालाई बनाउने गरेको पाइयो । अहिले ५ परिवार गरेर ३५ जना बालिका आमासँग बस्ने गरेको पाइयो । प्रत्येक शनिबार सबै परिवारका सँगै बस्ने र भोजन गर्ने मनोरञ्जन गर्ने सबै जनाहरूमा विभिन्न कार्यक्रम गरेर रमाइलो गरेको पाइयो यसलाई पारिवारिक दिन पनि भन्ने गरेको पाइयो ।

**ग) महिला कौशल विकास केन्द्र कार्यक्रम**

यस कार्यक्रमको २००८ मा स्थापित भएको र यसले महिलालाई स्वयम् आत्मनिर्भर बनाउनको लागि र महिला आर्थिक रूपमा बलियो बनाउन सक्यो भने मात्र उनीहरूलाई सशक्तीकरणको रूपमा देख्न सकिन्छ भन्ने धारणालाई लिएर निःशुल्क रूपमा तालिमको व्यवस्था गरी यहाँबाट तालिम लिएर आफ्नो व्यवसाय सञ्चालन २० जना महिलाले गरेको पाइयो । यहाँ हुने तालिमहरू जस्तैः सिलाई, बुनाई कला, गैर औपचारिक शिक्षा, हस्तकला कार्यमा महिलाहरू लाभान्वित हुने गरेको पाइयो ।

**घ) ज्योति सदन**

यसलाई पोखराको मुख्य फोहोर हुने बस्ती बसपार्क जस्ता ठाउँलाई लिएर २००६ मा स्थापित भएको हौं । यसलाई बिजुली घर पनि भन्ने गरेको पाइयो । बालिका-किशोरी र महिलाहरूको लागि स्वास्थ्य सम्बन्धी परामर्श स्वास्थ्य जाँच एक नर्सलाई एक सामाजिक कार्यक्रम बनाई विभिन्न सुविधाहरू दिँदै आएको पाइयो । प्राथमिक उपचार, १२ र १८ वर्षमा किशोर बालिकाका लागि बैठक र जाग एकता कार्यक्रम, यौन रोगहरू, स्तन पाठेघर क्यान्सर, मधुमेह रोकथाम, संक्रामक रोग, छाला रोग र स्वच्छता सम्बन्धी नियमित कार्यक्रम घरेलु हिंसा सन्दर्भमा कानुनी सल्लाह, बच्चा र

महिला अधिकार कार्यक्रम महिला डाक्टर र नर्सद्वारा गाइनो शिविर गरेको पाइयो एक पटकमा २५ जना लावान्वित हुने गरी यो कार्यक्रम सञ्चालन भएको पाइयो ।

**ङ) व्रिज कोर्स**

समयको परिवर्तन सँगसँगै आफुलाई अझ सिपमूलक बनाउन अंग्रेजी र कम्प्युटरका सीप प्रदान गर्न २०१४ बाट यो कार्यक्रम ल्याएको पाइयो । यसले स्कुल छाड्ने र एस.ई.ई. दिएका बालिकालाई आफ्नो कार्यकौशलता बढाउनको लागि यो कार्यक्रमले अझ थप सहयोग गरेको पाइयो ।

**च) पारा रोड सदन**

एस.ई.ई. दिएको बालिकालाई छुट्टै घरमा यो २०१२ मा स्थापना भएको यसमा उनीहरू आफ्नो काम आफै गर्ने खाना पकाउनेमा जाने यहाँबाट आफ्नो घर स्थापित गर्ने वा विवाह गर्ने तयार हुँदा तिनीहरूलाई ५०,०००/- प्रदान गरिने यहाँ बस्दा घर कसरी चलाउने कसरी ब्यवस्थापन गर्ने भन्ने जस्ता कुराहरू आफूले इच्छा लागेको अनुसार पढ्न पाउछन् । अहिले २१ जना बालिका यहाँ रहेका पाइयो । यसमा आफू आत्मनिर्भर भएको ६ महिनासम्म बस्न पाउने र उसलाई जीवन चलाउन भोकेसनल तालिम, व्यवहारिक ज्ञान, सम्मान आदर गर्ने र मिलेर काम गर्ने सिकाइने २ कला, नृत्य, परामर्श, कराते योगा थेरापी पनि गर्दै आएको पाइयो ।

**छ) शिक्षा हेरविचार परियोजना**

भौगोलिक विकटता भएको ठाउँ त्यहाँ एकल महिला आफ्नो अतिरिक्त आवश्यकता पूरा गर्न नसकेर आफ्नो छोराछोरीलाई स्कुल जानबाट बन्चित भएका छन् । यस्तो परिवारलाई उनीहरू आफ्नै घरमा बसेर उनीहरूले यस संस्थाको लाभ लिन सक्नेछन् । यसमा केटाकेटी दुवै राख्ने गरिन्छ तर बालिकालाई नै धेरै प्राथमिकता दिइन्छ । एउटा परिवारलाई दैनिक रूपमा चाहिने खाद्यान्न, बिरामी भएको खण्डमा औषधी उपचार, उनीहरूलाई गाउँ घरमा गएर महिनाको एक पटक घुम्ने, चेक गर्ने मौसम अनुसारको कपडा, आवश्यक सुधारिएको चुलो बनाउने, एउटा बच्चालाई २५ युरो प्रत्येक महिना दिदै आएको यो हाल यस सुविधा लिदै आएको १३ परिवार

रहेको जानकारी पाइयो । यस संस्थाबाट दिइने सुविधा ग्रामिण परिवारलाई सहयोग पुगेको छ । यस कार्यक्रमले केही मात्रामा भएपनि राहत पुऱ्याएको छ । यस कार्यक्रमबाट १२ परिवारले सुविधा पाएर आफ्नो जीविकोपार्जनमा सहयोग पुऱ्याएको पाइयो ।

**ज) अन्य विविध**

यस संस्थामा रहेका ७३ बालिकाको सम्पूर्ण खर्चको लागि संस्थाको आन्तरिक स्रोत भन्दा पनि वाह्य स्रोतहरूको बढी परिचालन भएको पाइयो यो संस्थाको संस्थापक वर्मली रेमड लिनडिनजर हुन् । यस बालगृहमा आवश्यक पर्ने सम्पूर्ण स्रो साधनको लागि खर्च वाह्य देशबाट आएको देशहरू जस्तैः युके, इटाली, जर्मन, सुइजरल्याण्डका नागरिकहरूले उक्त कार्यक्रमहरूमा सहयोग गर्दै आएको पाइयो । आफ्नो संस्कृतिको बारेमा जान्नको लागि नेपालमा मनाइने चाडपर्वहरू संस्थाका सम्पूर्ण कर्मचारी बालिका स्वदेशी तथा विदेशी पाहुनाको साथ रक्षा बन्धन, कृष्ण जन्माष्टमी, हरितालिका तीज, वडा दशैं, तिहार, एकादशी, क्रिशमस,ट्होटे पर्व, शिवरात्री, होली, सरस्वती पूजा, बुद्ध जयन्ति, तमु ल्होसार, अङ्ग्रेजी तथा नेपाली नयाँ वर्ष आदि मनादै आएको पाइयो ।

## ४.२ संरक्षित बालिकाको सामाजिक जनसाङ्खिय विवरण

### ४.२.१ धर्म

धर्म भन्नाले दैवि शक्ति, परमात्मा अर्थात् अदृश्य शक्तिमा गरिने विश्वास र त्यस्ता शक्तिहरूसँग सम्बन्धित नैतिक आचरण, व्यवहार, मुल्य तथा मान्यता संघ संस्था तथा पुरातन विधिहरू पर्दछन् (wikipedia) ।

मानिसलाई धर्मले नराम्रो कामबाट बचाउने काम गरेको हुन्छ । धर्मको नाममा मानिसले नराम्रो काम गर्न डराउछन् । मानिसलाई कर्तव्यवोध गराउने र नैतिक निष्ठावान गराउने एक प्रमुख माध्यम धर्म हो । सबै धर्मले व्यक्तिलाई सहि मार्गदर्शन गरेको हुन्छ । त्यसले गर्दा हरेक मानव एक न एक धर्ममा आस्थावान भएको पाउन सकिन्छ । एस.ओ.एस. बहिनी नेपाल मासबार ७ मा संरक्षित रहेका बालिकाहरूको धार्मिक आस्था अनुसारको संलग्नता तालिका २.३ बाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.३ : उत्तरदाता बालिकाको धर्म अनुसार विवरण**

| धर्मगत विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ४८ | ६५.७५ |
| क्रिश्चियन | २० | २७.३९ |
| बौद्ध | ५ | ६.४८ |
| जम्मा | ७३ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिकामा कुल ७३ जना संरक्षित बालिकामध्ये सबैभन्दा बढी बालिकाहरूले हिन्दु धर्ममा आस्था राख्ने गरेको पाइयो । र सबैभन्दा न्युन बौद्ध धर्ममा आस्था रहेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने हिन्दु धर्ममा आस्था राख्ने बढी हुनुमा ब्राहमण मैत्रीको संख्या बढी हुनाले हिन्दु धर्म मान्ने बालिका बढी भएको पाइयो भने प्राचिन धर्मलाई मान्दै आइरहेको पाइन्छ ।

### ४.२.२ जात/जातीयता

नेपाल बहुजाति, बहुधार्मिक, बहुभाषाभाषी र बहुसंस्कृति भएको साझा फुलबारी हो । प्रत्येक जाताजाति अनुसार उनीहरूका भाषा, संस्कृति, धर्म, नातागोता, जन्म संस्कार, विवाह र मृत्यु संस्कार पनि जातजातियता अनुसार फरक फरक पाइन्छ । यह जात जातियतामा कुनैमा महिलाको नेतृत्व छ । त्यहि अनुसार बालबालिका प्रतिको जिम्मेवारीमा फरकपना रहेका छन् । जात अनुसारका संरक्षित अनाथ बालिकाहरूको विवरण तालिका ४.४ मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ : उत्तरदाता जात/जातीयता अनुसार विवरण**

| जात | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण/क्षेत्री | ४५ | ६१.६४ |
| जनजाति | ११ | १५.०७ |
| दलित | १७ | २३.२८ |
| जम्मा | ७३ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०७५

प्रस्तुत तालिका अनुसार कुल ७३ जना बालिकामध्ये ब्राह्मण/क्षेत्री ६१.६४ प्रतिशत रहेका छन् भने जनजाति १५.०७ प्रतिशत र दलित बालिका २३.२८ प्रतिशत रहेका छन् । यस तथ्याङ्कलाई अध्ययन गर्दा सबैभन्दा बढी ब्राह्मण र क्षेत्रीका बालबालिका संरक्षित रहेको पाइयो यसो हुनुमा अरु जाति भन्दा प्रत्यक्ष सम्पर्कमा बाहुनक्षेत्री भएको कारणले गर्दा बढी बालिका संरक्षित पाइयो र सबैभन्दा कम जनजातिका बालिका संरक्षित रहेको पाइयो ।

यस बालगृहमा संरक्षित हुन आउनुको मुख्य कारण भनेको घरपरिवारको आर्थिक अवस्था कमजोर अभिभावक गुमाएर अनाथ हुनु जस्ता कारण रहेको पाइयो ।

### ४.२.३ शिक्षा

यस एसो.एस. बहिनी नेपाल बालगृहमा संरक्षित बालिकालाई उनीहरूको नैसर्गिक अधिकार हो । यहि अधिकारलाई उपयोग गरेर यस गृहमा संरक्षण सबै बालबालिकालाई शिक्षाको पहुँचमा आवद्य रहेका छन् । शिक्षाको उज्यालो ज्योतिबाट कुनै पनि बालबालिका बञ्चित हुन नपरोस् भन्ने झै कुल ७३ जना बालिका विद्यालय गएको पाइयो । जुन तालिका ४.५ अनुसार प्रस्ट पारिएको छ ।

**तालिका ४.५ : शिक्षा अनुसार बालिकाको विवरण**

| कक्षागत विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| १-५ | २५ | ३४.२४ |
| ५-एस.ई.ई. | २४ | ३२.८७ |
| एस.ई.ई. भन्दा माथि | २४ | ३२.८७ |
| जम्मा | ७३ | १०० % |

स्रोत : स्थलगत अध्ययन, २०७५

प्रस्तुत तालिका अनुसार कक्षागत विवरणलाई हेर्दा नर्सरी देखि यु.के.जी.मा अध्ययनरत बालिका कत्ति पनि नरहेको र १ देखि ५ कक्षासम्म ३४.२४ प्रतिशत र ५ देखि एस.ई.ई. सम्म र एस.ई.ई. भन्दा माथि बराबर ३२.८७ प्रतिशत रहेको पाइयो । भने माल्लिो कक्षामा पुगेपछि केहि बालिकाहरू पुर्नस्थापित हुने कारणले गर्दा माथिल्लो कक्षामा अलिकति कम बालिका अध्ययनरत रहको पाइयो । सानो उमेरको बालिकालाई धेरै हेरविचार गर्नुपर्ने भएकोले र यस गृहमा आउने बालिका आफ्नो सरसफाई गर्न सक्ने भएपछि मात्र आएको

पाइयो जसले गर्दा सानो कक्षामा बालिका नभएको पाइयो भने उमेरगत होस् वा कक्षागत हिसाबले सबैभन्दा बढी बालिकाहरू अनाथ बेसहाराको महशुस गर्ने बेला नै आफू अलि कति जान्ने बुझ्ने भएपछि हो कक्षा १-५ सम्म भित्र पर्दछन् । यस उमेर समुहका बालिकाहरू आफ्नो कुरामा अड्डी गर्ने भविष्यको लागि न्युन सोचाइ तत्कालका व्यवहारमा मात्र उनीहरू बढी लाग्ने हुँदा बालिकाहरूमा बढी मात्रामा संरक्षकत्वको खाँचो पर्ने यही समयमा हुन जान्छ ।

# अध्याय पाँच

# बालगृहमा बस्ने बालिकाको अतिरिक्त क्रियाकलापप्रतिका चाहनाहरू

यस अध्यायमा मुख्य गरी संरक्षित बालिकाहरूको अतिरिक्त क्रियाकलापप्रतिका चाहनाहरू उनीहरूले लिएका सुविधाहरू बालिकाहरूले पढाइका साथसाथै अतिरिक्त क्रियाकलाबाट सिकेका कृयाकलाप आदिको व्यवाख्या एवम् विश्लेषण गरिएको छ ।

## ५.१ बालिकाको अतिरिक्त क्रियाकलापप्रतिका चाहनाहरू

बालबालिकाको वृद्धि र विकास हुदै जान्छ । उनीहरूमा विभिन्न किसिमका चाहनाहरू बढ्ने हुन्छ । र त्यहि मानसिक विकासको लागि पनि मनोरञ्जनले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छ । यसले बालबालिकाको आन्तरिक प्रतिभा प्रस्फुटन गर्नको लागि पनि सहयोग गरेको हुन्छ । बालबालिकाले के गर्दा धेरै आनन्द लिने गर्छन् त्यसले उनीहरूको भविष्यप्रतिको एउटा बाटो देखाउने काम गरेका हुन्छ । तसर्थ यस बालगृहमा बस्ने बालिकाहरूको अतिरिक्त क्रियाकलापप्रतिको चाहना के रहेको छ भन्दा बेग्लाबेग्लै इच्छा प्रकट भएको पाइयो । तलको तालिकाले बालिकाको अतिरिक्त क्रियाकलापप्रतिको चाहना के रहेछ भन्ने कुरा तालिका नम्बर ५.१ बाट स्पष्ट पारिएको छ ।

**तालिका ५.१ : बालिकाहरूको अतिरिक्त क्रियाकलापप्रतिको चाहना**

| विवरण | | बालिका संख्या | | प्रतिशत |
|---|---|---|---|---|
| शारीरिक विकास गर्ने क्रियाकलाप | फुटबल | ५ | ३१ | ४२.४६ |
| | भलिबल | १० | | |
| | क्रिकेट | ३ | | |
| | टेक्वाण्डो | ६ | | |
| | बासकेटबल | ७ | | |
| मानसिक विकास गर्ने क्रियाकलाप | हाजिरिजवाफ | ८ | २३ | ३१.५ |
| | वक्तृत्वकला | ७ | | |
| | वादविवाद | ९ | | |
| संवेगात्मक विकास गर्ने क्रियाकलाप | गित | १ | ८ | १०.९५ |
| | गजल | २ | | |
| | नाटक | ३ | | |
| | कविता | २ | | |
| भ्रमण | शैक्षिक भ्रमण | ४ | ११ | १५.०६ |
| | पर्यटन भ्रमण | ७ | | |
| जम्मा | | ७३ | ७३ | १०० % |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका अनुसार बालिकाहरूको अतिरिक्त क्रियाकलापप्रतिको चाहनालाई विश्लेषण गर्दा शारीरिक विकास गर्ने क्रियाकलापमा सबैभन्दा बढी चाहना रहेको पाइयो जसमा ४२.४६ प्रतिशत रहेका छन् भने मानसिक विकास गर्ने क्रियाकलाप ३१.५० बालिकाको चाहना रहेको पाइयो । त्यसैगरि भ्रमणमा १५.०६ प्रतिशत बालिकाको रुचि देखियो भने संवेगात्मक विकास गर्ने खालका क्रियाकलाप कम चाहना वा रुचि भएको पाइयो । जसमा १०.९५ प्रतिशत रहेका छन् । यसबाट के प्रष्ट हुन्छ भने बालबालिकालाई खेलकूद प्रतिको चाहाना बढी भएको देखियो । अहिले समाजमा महिला पनि खेलकूदमा अगाडि आएको पाइयो भने शारीरिक, सामाजिक रूपमा पनि सक्षम भएको पाइयो ।

## ५.२ बालगृहको भूमिका

बालबालिकाको आधारभूत आवश्यकता पुरा गर्नको साथसाथै कुनै पनि संस्थाले आफ्नो आचार संहिता अनुरूप बालबालिका माथि व्यवहार गर्नुपर्ने हुन्छ । विभिन्न प्रावधानहरू पुरा गरी गृह सञ्चालन भएका हुन्छन् । बालबालिकाका लागि गाँस, बाँस, कपास, स्वास्थ्य, शिक्षा उनीहरूको नैसर्गिक अधिकार हो भन्ने । उनीहरूलाई दिइने सुविधाले पनि उनीहरूलाई प्रभाव पारेको हुन्छ । यस संस्थामा दिएको सुविधामा शिक्षा स्वरूप खान, बस्न, मनोरञ्जनको लागि गित, संगित, कला, साहित्य, खेल, योगा, भ्रमण जस्ता सुविधा यस गृहमा बस्ने बालिकाले आफ्नो इच्छा अनुसार दिइएको पाइयो भने पूर्नस्थापना हुनु भन्दा पहिला उनीहरूलाई आफै सक्षम बनाउनको लागि विभिन्न तालिमहरू जस्तैः सिलाई, बुनाई, कम्प्युटर, अंग्रेजी भाषा, कपी बनाउने तालिम, किचन, हस्तकला आदि सम्बन्धी तालिम लिएको पाइयो । भने उनीहरूले एस.ई.ई. पछि उनीहरूको इच्छा, क्षमता अनुसार प्राविधिक शिक्षामा जोड दिने गरेको र बालिकाको उद्देश्यलाई कदर गर्दै अगाडी बढेको पाइयो ।

**तालिका नं.: ५.२ बालिका अध्ययन गर्ने विद्यालयको प्रकृति**

| विद्यालय | विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|
| निजी विद्यालय | ६१ | ८३.५६ |
| सामुदायिक विद्यालय | १२ | १६.४३ |
| जम्मा | ७३ | १०० |

स्रोत : एसो.ओ. एस. बहिनी नेपाल वार्षिक प्रतिवेदन, २०७५

प्रस्तुत तालिका अनसार यस बालगृहमा रहेका बालिकाहरू सबैभन्दा धेरै निजि विद्यालयमा अध्ययन रहेको जसमा ८३.५६ प्रतिशत र सामुदायिकमा कम, जसमा १६.४३ प्रतिशत मात्र अध्ययन गरेको पाइयो । यस बालगृहमा विदेशी नागरिकले सहयोग गरेको हुनाले यहाँ संरक्षित बालगृहमा बस्ने बालिकालाई राम्रो सुविधा प्रधान गरेको पाइयो ।

## ५.३ संस्थाले पढाइको साथसाथै अन्य अतिरिक्त क्रियाकलाप सिक्न

बालबालिकाका लागि उनीहरूको भित्र भएको प्रतिभाको प्रस्फुटन गराउनको लागि पढाईको साथसाथै अन्य अतिरिक्त क्रियाकलापको आवश्यक पर्ने हुन्छ । उनीहरूको इच्छा चाहनालाई बुझेर र विभिन्न खेलकूद तथा सांस्कृतिक कार्यक्रमहरू कला साहित्य सम्बन्धी कार्यक्रमहरू र स्वास्थ्य सरसफाई सम्बन्धी कार्यक्रम गराएर एक स्वच्छ व्यक्ति बन्न प्रेरित गर्ने जस्ता कार्यक्रमहरू भएको पाइयो । हाम्रो विभिन्न चाडपर्वहरू कसरी मनाइन्छ भन्ने कुरालाई जानकारी दिनको साथसाथै चाडपर्वहरू मनाई मनोरञ्जन लिने कुनै पनि बालिकालाई अभिभावकको खाँचो महसुस नगराउनको लागि सबै चाडपर्व मनाएको पाइयो । उनीहरूलाई नजिकै भ्रमण, पिकनिक पनि लगेको पाइयो जसले गर्दा बहिनी वातावरणसँग समाजसँग घुलमिल हुने, उनीहरूलाई जसरी बच्चा आफ्नो घर परिवारमा रमाइरहेको हुन्छ । त्यो रमाइलो वातावरण यस बालगृहमा रहेको पाइयो ।

# अध्याय छ

# यस संस्थामा संरक्षित गृहमा बस्ने बालिकाको पुर्नस्थापनाको अवस्था

यस अध्यायमा खासगरी यस संस्थामा संरक्षित भएका बालिकाहरूलाई त्यस संस्थाबाट कस्तो योग्यता, क्षमता, आफ्नो खुट्टामा आफै उभिने आफैमा आत्मनिर्भर हुन सक्ने वा आफ्ना घरपरिवाको साथमा कसरी पूर्नस्थापित गरिन्छ भन्ने सम्बन्धमा व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ६.१ यस एस.ओ.एस. बहिनी नेपाल आउनु पूर्वको अवस्था

यस गृहमा संरक्षित बालिकाहरू यस संस्थामा आउनु पूर्व उनीहरू आफ्नो गाउँमा कष्टकर जीवनयापन गरेर जीविकोपार्जन गरेका थिए । उनीहरू आफ्नो आधारभूत आवश्यकतालाई पनि पूरा गर्न नसकेको अवस्थामा रहेका थिए । जसमध्ये आफ्नो अभिभावक गुमाएका (४१.०९%) आर्थिक अवस्था कमजोर भएका (३४.२४%) आफ्नो आमा बाबुको सम्बन्ध नराम्रो भएका (२४.६५) जना बालिकाहरू यस गृहमा आउनुपूर्व अरू कसैको घरमा काम गर्न खाना दिए खाने, खानेकुरा नभए त्यसै बस्ने र उनीहरूका लागि शिक्षाको व्यवस्थाले टाढाको पहुँच पऱ्यो । उनीहरूलाई विद्यालय पढ्न जाने मन हुँदाहुँदै पनि जान सक्ने वातावरण बन्न नसकेको र आफ्नो कोही आफन्तकोमा आड लिएको पाइयो भने कोही त बेवारिसे अवस्थामा कष्टकर जीवनयापन गरेको पाइयो ।

**तालिका ६.१ : संरक्षित बालिकाहरू शिक्षा अनुसार पूर्नस्थापित विवरण**

| कक्षागत विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| नर्सरी-५ | – | – |
| कक्षा ५-१० | २० | ३७.७३ |
| एस.ई.ई.पास | १५ | २८.३० |
| १०+२ पास | ५ | ९.४३ |
| प्राविधिक शिक्षा पास | ३ | ५.६६ |
| सिपमूलक तालिम | १० | १८.८६ |
| जम्मा | ५३ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको उल्लेखित तालिका अनुसार नर्सरी देखि कक्षा ५ सम्म कुनै पनि बालिका पूर्नस्थापित नरहेको पाइयो भने सबैभन्दा बढी (३७.७३%) कक्षा ५-१० सम्म पाइयो भने एस.ई.ई. पास (२८.३०%) १०+२ पास (९.४३%), प्राविधिक शिक्षा पास (५.६६%) र सिपमूलक तालिम (१८.८६%) बालिका पुर्नस्थापित भएको पाइयो । यसबाट यो पुष्टी हुन्छ कि ५-१० कक्षामा आइपुग्दासम्म पारिवारिक सदस्यले खोज खबर गरेर लैजाने गरेको पाइयो ।

## ६.२ बालिकाहरूलाई यस बालगृहसम्म ल्याउने सहयोगीहरू

बालबालिका आफ्नो बाल्यअवस्थामा आफ्नो घर, परिवारसँग रमाउने बेलामा आफ्नोलाई सहयोग गर्ने कोही व्यक्ति नभएको र साहारा विहीन अवस्थामा रहेका बालिकाहरूलाई यस बालगृहमा ल्याउन सहयोग पुऱ्याउने बालिकाका आफन्तजन र छरछिमेकीको साथसाथै सम्बन्धित निकाय जस्तैः गाउँपालिका, वडा, नगरपालिका, जिल्ला प्रशासन कार्यालयले दिएको सिफारिस अनुसार गाउँघर अवलोकन गरेर अनाथ बालिकाहरू यस बालगृहसम्म ल्याईदो रहेछ ।

## ६.३ बालगृहमा संरक्षित बालिकाहरूको पुर्नस्थापना

यस बालगृहमा संरक्षित बालिकाहरूलाई बालगृहबाट संरक्षित बालिकाहरूलाई बस्न गृहबाट जानुभन्दा अगाडि नै उनीहरूलाई एक सक्षम नागरिक बनाएर आफैमा आत्मनिर्भर गराएर पुनः समाजमा पुऱ्याउनको लागि यस बालगृहमा रहेका बालिकालाई विभिन्न तालिम, रोजगारी र शिक्षा पूरा गरेर मात्र पुर्नस्थापना गराइन्छ । यस संस्थामा संरक्षित बालिकाहरू कसरी पुर्नस्थापित हुन्छन् भन्ने प्रश्नमा धेरै जना बालिका आफ्नो शिक्षा पूरा गरेपछि रोजगारमा लागेर स्वालम्बन भएपछि पूर्नस्थापित हुन्छन् । भन्ने जस्ता जवाफ जानकार व्यक्तिबाट पाइयो ।

त्यसैगरी बालिकाहरूलाई तिमी यस बालगृहले कसरी पूर्नस्थापित गरिदिए खुशी हुनेछौ भनि सोधिएको जिज्ञासामा धेरै जस्तो बालिकाहरूलाई उनीहरूको लक्ष्य, उद्देश्य पूरा भएपछि पुर्नस्थापना गरिदिए खुशी हुन्छौँ भन्ने जवाफ पाइयो । कोही कोही पढ्नमा कमजोर हुनेहरूले सीपमूलक तालिम सिकाई स्वालम्बन भएपछि मात्र पूर्नस्थापित हुन पाए खुशी हुने पाइयो । जब उनीहरू एक सक्षम नागरिक भएर पुनः समाजमा फर्कन्छन्, त्यसपछि

उनीहरूलाई समाजले हेर्ने दृष्टिकोण आम नागरिक सरह हुनपर्नेछ । प्रत्येक बालिकालाई पुर्नस्थापना भएपछि परिवार वा परिवार बाहिर उसलाई कस्तो रूपमा हेरिने गरिन्छ र यदि उनलाई प्रतिभाशाली, अनुशासित र व्यवहार कुशल मान्छन् भने उसलाई सहजता महशुस हुन्छ, भने व्यक्तिलाई उप्रतिको धारणा नकरात्मक छ भने उसलाई समाजले आफुलाई स्वीकार नगरेको महसुस गर्दछ र सामाजिक मुल्य, आदर्श र नियमहरूलाई अपहेलना गर्न थाल्दछन् । उसलाई पुर्नस्थापना पछि समाजमा सहजै स्विकार्न वातावरण हुनु आवश्यक छ । आम व्यक्ति सरह पुर्नस्थापित भएका बालिकालाई अन्य सरह समाजले हेर्नु पर्दछ ।

बाल गृहमा रहेका बालिकाको पुर्नस्थापना तथा सामाजिक पुनर्एकीकरण गर्ने सम्बन्धमा बाल कल्याण अधिकारीलाई सहयोग गर्ने दायित्व यस बाल गृहको हुनेछ ।

## ६.४ पुर्नस्थापित भएका बालिकाको अवस्था

यस बालगृहमा उपयुक्त पुर्नस्थापना नभएसम्म यस बालगृहमा रहन पाउने र उपयुक्त पुर्नस्थापना हुने वातावरण भएका बालिकाहरू समाजमा पुर्नस्थापना तथा पुनर्एकीकरण गर्ने क्रममा हाल पुर्नस्थापित भएका बालिकाहरू आफ्नो खुट्टामा उभिसकेका छन् जसमा २ जना होटल व्यवस्थापनमा रहेका छन् भने १ जना बालिका एक्सरे विशेषज्ञ, १ जना ल्याब टेक्नीसियन, ४ जना पशुसहायक रहेका छन् भने ४ जना बालिका भौतिक चिकित्सक, १ फार्मेसीमा, २ जना नर्स, १ जना बालिका आयुर्वेदिक, २ जना शिक्षक पेशामा आवद्ध रहेका छन् भने ३ जना वैदेशिक रोजगारको लागि अष्ट्रेलिया गएको जानकारी पाइयो । २०६५ देखि २०७४ सम्ममा पुर्नस्थापित भएका २४ बालिकाका लागि हेर्दा सन्तोषजनक परिणाम पाइयो । यसले गर्दा यो बालगृह नेपाल सरकारद्वारा सम्मानित भएको छ । र ग्रेड एक संगठनको रूपमा स्थापित भएको छ ।

## ६.५ प्रत्यक्ष सहभागी अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

### ६.५.१ बालगृहको बाहिरी वस्तुस्थिति

यस बालगृह सुन्दर, शान्त, मनोरम शान्त वातावरणमा भएको र माटो र बाँसबाट बनाइएको घरहरू र सात सात जना बालिकाको लागि १/१ ओटा आमाको व्यवस्था गरिएको पाइयो । बालिकाहरूका पढ्ने, खेल्ने, खाने, बस्ने ठाउँ नियमित सरसफाई गर्ने गरेको पाइयो । आठ ओटा घरहरू र ठुलो लामो भान्साघर एउटा क्लिनिक, एउटा बाँसको

घर जसमा महिला तथा बालिकाहरूलाई सीपमूलक कार्य सिकाइने गरेको पाइन्छ । स्वस्थ खोनपानीको व्यवस्था, विषाधि रहित त्यहि उत्पादित गरेको तरकारीको प्रयोग गरेको पाइयो ।

### ६.५.२ सामाजिकीकरण

बालिकाहरूलाई बाहिरी वातावरणमा संमायोजन हुनको लागि उनीहरूलाई केही रकम दिएर आफ्नो इच्छा बमोजिमको समाग्री किन्न र पैसालाई सही सदुपयोग गर्ने बानी सिकाउन मासिक रूपमा केही रकम दिने गरेको पाइयो । उनीहरूलाई पैसा दिएर केही सामान किन्न पठाउदा उनीहरूले केमा कति खर्च गरे भनेर अनिवार्य विल ल्याउन लगाउने गरेमा उनीहरूले नराम्रो सामाना वा काममा पैसा खर्च गर्दैनन् । त्यसैले गर्दा उनीहरूलाई कसरी पैसाको सहि सदुपयोग गर्ने भन्ने बानी सिकाउन सहयोग पुग्ने छ । जसले गर्दा उनीहरूको व्यवहारिक ज्ञानमा परिवर्तन भई सहज हुनेछ । उनीहरूलाई बाहिरी परिवेस पनि पहिचान गराउन शैक्षिक भ्रमण, लघु भ्रमण लैजाने गरेको पाइयो ।

### ६.५.३ दैनिक गतिविधी

यस बालगृहमा बस्ने बालिकाहरूको दैनिक गतिविधि अन्तरगत बिहान ६ बजे उठ्ने मुख, धुने, दाँत माझ्ने, प्राथना गर्ने, योगा गर्ने र व्यायाम गर्ने चिया नास्ता खाने र पढ्ने खाना खाने स्कुल जान तयार हुने कार्यहरू विहानको समयमा गरेको पाइयो । बेलुकाको समयमा स्कुलबाट आएपछि हातखुट्टा धुने, खाजा खाने, गृहकार्य गर्ने, पढ्ने, खेल्ने, खाना खाने, टि.भी. हेर्ने, सुत्ने पाइयो भने विदाको समयमा नुहाउने, कपडा धुने, अतिरिक्त क्रियाकलाप गर्ने सबै जना एकै ठाउँमा जम्मा भएर खाना खाने, रमाइलो गर्ने गरेको पाइयो । उनीहरूले यस बालगृहमा दिएको सुविधालाई पहिचान गरेर आफ्नो लक्ष्य उन्मुख भए भने आफ्नो समयको सही सदुपयोग गरेर आफ्नो लक्ष्य प्राप्तिमा पुग्न सक्छन् ।

# अध्याय सात

# सारांश, निस्कर्ष र सुझाव

अध्ययनको मुख्य सार यस अध्यायमा निकालिएको छ । यस अध्यायमा सारांश मुख्य प्राप्तिहरू निश्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

## ७.१ सारांश

बालअधिकार र सम्बन्धी अन्तराष्ट्रिय महासन्धी १९८९ को धारा १ मा व्यवस्था भए अनुसार बालबालिका भन्नाले कानुनले वयस्कताको उमेर कम तोकेको अवसरमा बाहेक बालबालिका भनेको १८ वर्षभन्दा कम उमेरका सबै बालक वा बालिका हुन् । नेपालको सन्दर्भमा बालबालिका भन्नाले अठार वर्ष मुनिका व्यक्तिलाई जनाउछ । बालबालिकाको बाँच्न पाउने नैसर्गिक अधिकार भन्ने नाराका साथ बालबालिकाको हक अधिकार र संरक्षणको निम्ति दह्रो आवाज निकाले पनि अझै पनि बालबालिकाहरू साहाराविन, अनाथ, असहाय भन्नुपर्ने अवस्था आजको समाजमा पनि विद्यमान अवस्थामा रहेको छ । बालबालिकाको निम्ति सहयोग गर्ने कैयौं निकायहरू भएता पनि उनीहरू अझै पनि सडकमा र अतिरिक्त आवश्यकता पूरा गर्न नसक्ने र आफ्नो हक अधिकारबाट बञ्चित भएर कष्टकर जिवन बिताउन बाध्य छन् ।

विभिन्न गैर सरकारी र सरकारी संघ संस्थाहरूले बालबालिकाहरूको उत्थानको लागि गरेको पहलहरू अनुसरणिय छन् । त्यसैले एस.ओ.एस. बहिनी नेपालले पनि बालिकाहरूलाई अनाथ बेसहारा हुनबाट जोगाएर एउटा आश्रम स्थलको रूपमा काम गरेको छ । बालबालिकाहरू घरको आर्थिक, सामाजिक, भौगोलिक विभिन्न विकटका कारणबाट बेसहारा, अनाथ हुने र असुरक्षित जीवनयापन गर्न वाध्य छन् ।

यस्ता बालबालिकालाई संरक्षित गर्न शिक्षा, स्वास्थ्य, विकासका लागि स्थापित संघ संस्थाहरूले मध्यस्तताको भूमिका निर्वाह गरेको पाइन्छ । तापनि अनाथ, बेसहाराको सहि पहिचान नभई उनीहरूको कल्याणको निम्ति कार्य गर्न सकिरहेको पाइदैन । तैपनि बालबालिका प्रतिको दुर्व्यवहार, हिंसा र पिरमर्का प्रत्यक्ष रूपमा बाहिर आउन सकेको छैन ।

कास्की जिल्लाको वडा नम्बर ७ मा रहेको एस.ओ.एस. बहिनी नेपाल बालगृहमा संरक्षित बालिकाहरूको अध्ययन गर्दा वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचामा रही अध्ययन गरिएको छ । प्राथमिक र द्वितीय स्रोतबाट सुचनाहरू संकलन गरिएको छ । ७३ जना बालिकाहरूको अध्ययनमा मात्र सिमित रहेकोले जनगणना विधि अवलम्बन गरिएको छ । प्राथमिक तथ्यमा अवलोकन र अन्तरवार्ता प्रश्नावली अनुसूचि प्रयोग गरिएको छ । सन् २००४ जनवरी स्थापित एसो.एस. बहिनी नेपालले बालिकाहरूको शिक्षा, स्वास्थ्य, पोषण आदिको अवस्थामा ध्यान दिदै आइरहेको छ । यस बालगृहलाई अनाथ बालिकाहरूले आफ्नो आश्रय स्थलको रूपमा लिएको पाइन्छ । यसमा ७३ जना बालिकाहरू संरक्षित छन् । उनीहरूको अतिरिक्त क्रियाकलापप्रतिको चाहना विश्लेषण गर्नु र उनीहरू कसरी पूर्नस्थापति हुन्छन् त्यसको अध्ययन गर्नु यस शोध पत्रको उद्देश्य रहेको छ ।

## ७.२ प्राप्ति

❖ आश्रित बालिकाहरूको संख्यात्मक विवरण

- बालिका मात्र बालगृहमा आश्रित लिएको पाइयो ।
- उमेरगत हिसाबमा ११ देखि १४ र १५ देखि २० वर्ष सम्मका बालिकाहरू बराबर ३८.३५/३८.३५ संरक्षित रहेको पाइयो ।
- सानो उमेर १ देखि ५ वर्षसम्म सबैभन्दा कम २.७३ प्रतिशत बालगृहमा संरक्षित रहेको पाइयो ।
- जातिय हिसाबले सबैभन्दा बढी ब्राह्मण, क्षेत्री ६१.६४ प्रतिशत बालिका बालगृहमा आश्रित रहेको पाइयो ।
- धार्मिक हिसाबको दृष्टिले हिन्दु धर्म मान्ने बालिका सबैभन्दा बढी ६५.७५ प्रतिशत बालगृहमा रहेको पाइयो ।

❖ बालगृहमा संरक्षित बालिकाको अतिरिक्त क्रियापलापप्रतिका चाहनाहरू विश्लेषण गर्नु

- बालिकाको मनोरञ्जनको चाहना बुभ्दा सबैभन्दा बढी ४२.४६ प्रतिशत खेलकूदमाा रूचि राखेको पाइयो भने सबैभन्दा कम कला, साहित्यमा १०.९४ प्रतिशतले रूचि राखेको पाइयो ।

- खेलकूद पछि संगितमा ३१.५० प्रतिशतले रूचि जनाएको पाइयो भने भ्रमणमा १५.०६ प्रतिशतले मा रूचि राखेको पाइयो ।
- जिल्ला स्तरको विवरण हेर्दा सबैभन्दा बढि कास्की जिल्लामा २५ जना बालिका, यस बालगृहमा संरक्षित रहेको पाइयो भने सबैभन्दा कम १/१ जना सिन्दुपलान्चोक, पाल्पा, काभ्रे र कञ्चनपुर जिल्लाका पाइयो ।

❖ संरक्षित गृहमा बालबालिकाहरू कसरी पूर्नस्थापित हुन्छन् त्यसको अध्ययन गर्न

- यस बालगृहमा आउनुको मुख्य कारण सबैभन्दा बढी ४१.०९ प्रतिशतले अभिभावक गुमाएको, आर्थिक अवस्था कमजोर भएको (३४.२४%) र आमा बाबुको सम्बन्ध राम्रो नभएको कारणले (२४.६५%) रहेको पाइयो ।
- संरक्षित बालिकाहरू सबैभन्दा बढी ५-१० सम्मका (३७.७३%) बालिका पूर्नस्थापित भएको पाइयो । एस.ई.ई. पास (२८.३०%), १०+२ पास (९.४३%), प्राविधिक शिक्षा पास (१८.८६) रहेको पाइयो ।
- संरक्षित बालिका सबैभन्दा बढि (८३.५६%) निजि विद्यालयमा अध्ययनरत रहेको पाइयो भने सबैभन्दा कम (१६.४३%) सामुदायिक विद्यालयमा अध्ययनरत रहेको देखियो ।
- पढाइमा अलि कमजोर हुनेहरूलाई बालगृहले दिएको सिपमूलक तालिमबाट (१८.८६%) लाभान्वित भई पूर्नस्थापित भएको पाइयो ।
- एस.ई.ई. पास भएपछि धेरै जसो (२८.३०%) १०+२ पढेका पाइयो ।
- पुर्नस्थापित भएका २४ जना बालिका उपलब्धिमूलक कार्यमा लागेको पाइयो ।

## ७.३ निस्कर्ष

बालबालिका भन्नाले १८ वर्ष मुनिका व्यक्तिलाई लिइन्छ । त्यसैगरी बालबालिकाको अधिकार सम्बन्धी सरोकार नामक संस्थाले दिएको परिभाषा अनुसार अठार वर्ष भन्दा मुनिका मानविय व्यवहार देखाउने बालबालिकाको समुह जो शारीरिक, मानसिक एवम् मनोवैज्ञानिक दृष्टिकोणाबाट स्वतन्त्र भएका र संरक्षित भएका बालबालिकालाई जनाउँछ । बालबालिका सम्बन्धी ऐन २०४८ का अनुसार हेरचाह गर्ने बाबु आमा वा परिवारको अन्य कुनै सदस्य नभएका वा भए पनि उनीहरूबाट तिरस्कृत जीविकोपार्जनका लागि कुनै स्रोत

नभएका बालबालिकालाई अनाथ बाल बालिकाहरूको रूपमा लिइएको छ । यस शोध अध्ययनमा अनाथ बेसहारा बालिका मात्र रहेका छन् । जातिय हिसाबले हेर्दा ब्राह्मण/क्षेत्री समुदायका बालिकाहरूको संख्या बढी रहेको तथ्याङ्कबाट थाहा हुन आउछ ।

मुख्यतया बालगृहमा संरक्षित बालिकाहरू आउनुको कारणमा घर परिवारको आर्थिक अवस्था कमजोर हुनु, अभिभावक गुमाउने, बाबु आमाको पारिवारिक सम्बन्ध राम्रो नहुनु जसले गर्दा प्रत्यक्ष प्रभावमा साना अवोध बालिकामा पर्ने गरी जिम्मेवारी बहन गर्न कोही कतै नहुने हुँदा आमाबाबुको माया जस्तो अरुको नहुने हुनाले बालिकाहरू असंरक्षित बनेको यस अध्ययन बाट थाहा हुन्छ ।

यस बहिनी एसो.एस. बहिनी नेपाल बालगृहमा संरक्षित भएका बालिकाहरू जन्मस्थानको आधारमा विभिन्न जिल्लाहरूबाट आएका भए पनि सबैभन्दा धेरै कास्की जिल्लाबाट आएको पाइयो भने उनीहरूको अतिरिक्त क्रियाकलापप्रतिको चाहना बुभ्दा अधिकांश बालिका खेलकूदमा रूचि रहेको देखियो । भने यस बालगृहमा संरक्षित बालिकाहरूको पारिवारिक आर्थिक अवस्थामा वृद्धि बालिकाको अध्ययन पश्चात सीपमूलक तालिम, स्वावलम्बी बनेपछि उनीहरूलाई आफ्ना नातागोता, इष्टमित्र अन्य संघ संस्थाको पहलमा पूर्नस्थापित भएको पाइन्छ । पूर्नस्थापित बालिकाहरू धेरैजसो सीपमूलक तथा आयमूलक कार्यमा लागेको पाइयो बालबालिकाको बाँच्न पाउने नैसर्गिक अधिकार भन्ने नाराबाट नै सामाजिक भावनाले खोलिएका सामाजिक संस्थाहरूबाट नै बालबालिकाहरू बढी मात्रामा संरक्षित रहँदै आएका छन् ।

## ७.४ सुभाव

- बालबालिकालाई उनीहरूको नैसर्गिक अधिकारबाट बञ्चित नगराई, राम्रोसँग हेरचाह, माया, ममता, लालनपालन, शिक्षा दिक्षाको व्यवस्थापन आफ्नो अभिभावकले विशेष जिम्मेवार लिन पर्ने ।
- अनाथ भएका बालबालिकाका लागि निजी क्षेत्रका संघ संस्थाले भन्दा पनी सरकारी तवरबाट पहल गर्नुलाई यस्ता गृहहरूको क्रियाकलापका लागि समय समयमा अनुगमन हुनुपर्ने ।

# सन्दर्भ सूची


आचार्य, बलराम (२०६८), लैङ्गिक र महिलावादी अध्ययन, राज अपसेट प्रेस ताहाचल काठमाण्डौ ।

"एसेसमेन्ट अफ युनिसेफ कन्ट्रिब्युसन टु चिल्ड्रेन", १९९४:३४, *युनिसेफ एन्युअल रिपोर्ट,* न्यूयोर्क : एनपी ।

"एसेसमेन्ट अफ युनिसेफ कन्ट्रिब्युसन टु चिल्ड्रेन", १९९४:५, *युनिसेफ एन्युअल रिपोर्ट,* न्यूयोर्क : एनपी ।

एसो.एस. बहिनी नेपाल (२०७५) वार्षिक प्रतिवेदन, पोखरा-७, मासबार, नेपाल केन्द्रिय तथ्याङ्क विभाग (२०६८), नेपाल सरकार, काठमाडौं ।

केन्द्रिय बाल कल्याण समिति (२०७०), *नेपालमा बालबालिकाको स्थिति,* प्रतिवेदन ।

कोइराला, गोविन्द (२०५४), सडक बालिका र मेरो अनुभव, बाल संरक्षण समाचार ।

खड्का विर बहादुर, सापकोटा सिरनाथ, सापकोटा योगराज र शङ्कर नवराज (२०७४) बालअधिकार तथा शान्ति शिक्षामाला : मानव अधिकार मञ्च नेपाल, इलाम ।

ढकाल, कपिलदेव र लामिछाने भरत, (२०७४), मुलुकी (संहिता) ऐन, वषित प्रकाशन, काठमाडौं ।

देवकोटा पदमलाल र ओझा नेत्रकुमार (२०६८) *समाजशास्त्रमा संवेगात्मक दृष्टिकोण,* दिया देउराली प्रकाशन प्रा.लि. बागबजार काठमाण्डौ ।

न्यौपाने, रीता (२०६७), *कास्की पोखरास्थित नमस्ते बालगृह वैदाम पोखराका बालबालिकाहरूको समाजशास्त्रीय एक अध्ययन,* अप्रकाशित शोधपत्र, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र संकाय ।

बाल विकास अधिकार (२०५३), नेपाल बालमजदुर सरोकार केन्द्र प्रतिवेदन ।

बाल न्याय समन्वय समिति (२०७१), *नेपालमा बाल न्यायको स्थिति,* प्रतिवेदन ।

लिम्बु, नरप्रसाद (२०५४) बाल अभिव्यक्ति ।

वार्षिक प्रगति प्रतिवेदन (२०७१) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्रेष्ठ, मनिष कुमार (२०७२), *नेपालको संविधान,* काठमाडौं : कालिञ्चोक पुस्तक प्रकाशन ।

Adhikari, Bedhari (2007). *Child care and socialization many the squatters of peepaldali village of Sarangkot.*An unpublished master degree thesis, submitted to Tribhuvan University, Prithvi Narayan Campus, Humanities and Social Science, Department of Sociology/Anthropology.

Chhetri, Meena (2014). *Socio-economic conditions of the domestic child workers in Nepal: A case study of Pokhara sub-metropolitan city ward number 7 and 8.* An unpublished master degree thesis, submitted to Tribhuvan University, Prithvi Narayan Campus, Humanities and Social Science, Department of Sociology/Anthropology.

Child Welfare Society (1996).*Situation analysis of street children in Nepal.*Submitted to UNICEF Nepal, Pokhara, Kaski, Nepal.

CWIN (1990) Young Rapickers in Kathmandu.

CWIN (2004) state of the Child rights in Nepal, Annual Report CWIN, Kathmandu Nepal.

I LO (2001) Child Ragpickers, A Rapid Assesment, Jeneva.

**Websites:**

http:\\en.wikipedia.org/children's right retrived on 21st May, 2019

https:\\enchildright.gov.np retrived on 20th April, 2019

https:\\www.ccwb.gov.np law nepali retrived on 22th May, 2019

https:\\www.lawcomission.gov.np related on 23th May, 2019

https:\\www.onlinekhabar.com retrived on 11th January, 2018

# अनुसूची १

## अन्तवार्ता अनुसूची

## सामान्य परिचय

१. नाम ……………………………………………………………………………

२. उमेर ……………………………………………………………………………

३. जात

क) बाह्रमण ख) जनजाति ग) दलित घ) अन्य

४. तपाई कुन भाषा बोल्नु हुन्छ ?

क) नेपाली ख) नेवारी ग) गुरुङ घ) शेर्पा ङ) अन्य

५. तपाई कुन धर्म मान्नुहुन्छ ?

क) हिन्दू ख) बौद्ध ग) मुस्लिम घ) क्रिचियन ङ) अन्य

६. तपाईको शैक्षिक स्तर कति हो ?

क) नर्सरी देखि युकेजी सम्म ख) १ देखि ५ सम्म ग) ५ देखि एस.ई.ई सम्म

घ) एस.ई.ई भन्दा माथि

७. तपाईको मनोरन्जन प्रतिको चाहाना के रहेको छ ?

| विवरण | बालिका संख्या | जम्मा संख्या |
|---|---|---|
| खेलकूद | | |
| संगित | | |
| कलासाहित्य | | |
| भ्रमण | | |

८. यस बालगृहमा कसको सहयोगबाट आयौ ?

क) सघंसस्थाको सहयोग मार्फत ख) घरपरिवारको सहयोगमार्फत

ग) नातेदारको वा छिमेकिको सहयोग मार्फत ङ) अन्य

९. तिमीलाई यस गृहमा के के सुविधा दिइएको छ ?

क) शिक्षा ख) खानबस्न ग) तालिम घ) मनोरञ्जन ङ) माथिका सबै

१० तिमी पढेको स्कुल कस्तो प्रकृतिको हो ?

क) निजि ख) सामुदायिक ग) अनौपचारीक घ)अन्य

११. संस्थाले पढाईको साथसाथै अन्य कुन कुन मनोरञ्जनात्मक कृयाकलाप सिक्न प्रेरित गरको छ ?

क) खेलकुल तथा सांस्कृति कार्यक्रम    ख) कला साहित्य

ग) स्वास्थ्य सरसफाई    घ) विविध

१२. यस बालगृह आउनु पूर्वको आवस्था कस्तो थियो भन्न सक्छौ ?

.........................................................................................................

.........................................................................................................

१३. तिमीलाई यस संस्थाले कसरी पुर्नस्थापना गरि खुशी हुने छौ ?

.........................................................................................................

.........................................................................................................

१४ तिमीलाई यस संस्थाले पुर्नस्थापना गर्नु भन्दा पहिला के गरिदिए हुन्थ्यो भन्ने चाहाना रहेको छ ?

.........................................................................................................

.........................................................................................................

१५. यस संस्थाप्रति कस्तो धारणा रहेको छ ?

.........................................................................................................

.........................................................................................................

# अनुसूची २

१.	यस संस्थाको मुख्य उद्देश्ये के रहेको छ ?

.......................................................................................................

.......................................................................................................

२.	बालवालिकाको हक र हितको लागि कुन कुन क्षेत्रमा कस्तो योगदान गर्दै आउनु भएको छ ?

.......................................................................................................

.......................................................................................................

३	यस संस्थामा संरक्षित बालिकाहरू कसरी पुनस्थापित हुन्छन् ?

.......................................................................................................

.......................................................................................................

४.	यस संस्था चलाउन र बालीकाहरूको आवश्यक पूर्वाधार कहाँबाट जुटाउनु हुन्छ ?

.......................................................................................................

.......................................................................................................

५.	यस संस्थामा आश्रीत बालिकाहरू कसरी र को मार्फत ल्याउनुहुन्छ ?

.......................................................................................................

.......................................................................................................

६.	यस बालगृहमा आश्रीत बालिकाहरू कसरी पुर्नस्थापित गर्नुभएको छ ?

.......................................................................................................

.......................................................................................................

७.	कुनै पनि बालबालिका अनाथ बेसाहारा अपहेलित नहुन भन्नका लागि तपाई के भन्न चाहनुहुन्छ ?

.......................................................................................................

.......................................................................................................

# अनुसूची ३

## अध्ययन क्षेत्रमा लिइएका केही तस्विरहरू








